- ❖ कोरोना भइरसको संक्रमण रोकथाम तथा नियन्त्रण गर्नको लागि मेलम्ची नगरपालिका अन्तर्गत भोटेचौर, छापभञ्ज्याङ्ग, सिपाघाट र बाहुनेपाटीमा हेल्थ डेस्क स्थापना गरी सेवा प्रदान गरिएको छ । साथै नगरपालिका प्रवेश गर्ने नाकामा स्प्रे टोली खटाई सवारी साधनहरुको सेनिटाइजेशन गर्ने कार्य गरिएको छ।

(२) स्वास्थ्य सेवा :

- ❖ चालु आ.व. २०७६/०७७ मा एक वडा एक स्वास्थ्य केन्द्रको अवधारणा अनुसार स्वास्थ्य सेवालाई अझ प्रभावकारी ढंगबाट संचालन गर्नको लागि केन्द्र सरकारबाट प्राप्त भएको शशर्त अनुदान र नगरपालिकाको

आन्तरिक आयबाट औषधि खरिद गरी नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने कार्य गरिएको छ ।

- ❖ मेलम्ची नगरपालिका वडा नं. १, २, ३, ४ र ५ का स्थानीय जनताहरुलाई छिटो र प्रभावकारी ढंगबाट एकिकृत सेवा उपलब्ध गराउँने उद्देश्यले मेलम्ची नगरपालिका वडा नं. ४ स्थित पिप्लेमा एकिकृत सेवा केन्द्रबाट बर्थिङ सहितको उपचार सेवा प्रदान गरिएको छ।
- ❖ मातृ तथा नवशिशु सेवा कार्यक्रम अन्तर्गत चालु आ.व.मा नगरपालिका भित्र रहेका ६ वटा बर्थिङ्ग सेन्टरबाट ३१५ वटा संस्थागत प्रशुति सेवा प्रदान गरिनुका साथै नेपाल सरकारले तोकेको यातायात खर्च, प्रोत्साहन रकम तथा पोषण भत्ता प्रदान गरिएको छ । साथै आमा र बच्चाको लागि सुत्केरी पश्चात न्यानो झोला वितरण गरिएको छ। नगरपालिकाबाट चालु आ.व.मा ९० जना गर्भवती तथा सुत्केरी महिलाहरुले निशुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका छन् भने चालु आ.व.को वैशाख महिनासम्म ३२५ जनाले पोषण भत्ता प्राप्त गरेका छन्।
- ❖ नगरपालिका भित्रका सबै वडामा दादुरा तथा रुबेला खोप अभियान संचालन गरिएको छ । यस नगरपालिकाबाट सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधिहरु खरिद गरी निशुल्क रुपमा वितरण गरिएको छ । स्वास्थ्य सेवालाई प्रविधिमैत्री बनाउँने उद्देश्यले नगरपालिका भित्रका १६ वटा स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट जडान गरिएको छ। त्यसैगरी स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गर्नुका साथै स्वास्थ्य संस्थाका प्रगतीलाई अनालाइन प्रणालीमा आवद्ध गरिएको छ।
- ❖ समुदायस्तरका स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि स्वास्थ्यकर्मीहरुको उपस्थितिमा खोप क्लिनिक, गाउँघर क्लिनिक, पुरुष प्रशुती समूह, स्वास्थ्य आमा समूहको बैठक, विद्यालय स्वास्थ्य शिक्षा, ज्येष्ठ नागरिक जाँच तथा उपचार सेवा, कोभिड १९ संक्रमण रोकथाम, दीर्घरोगीहरुलाई औषधि वितरण जस्ता कार्यक्रमहरु संचालन गरिएको छ।
- ❖ स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई व्यवस्थित र गुणस्तरीय बनाउँनको लागि नगरपालिका भित्र ११ वटा स्वास्थ्य संस्थाका व्यवस्थापन समिति गठन गरी उक्त समितिका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरिएको छ।
- ❖ नगरपालिका भित्रका ६ वटा बर्थिङ्ग सेन्टरहरुमा ग्रामीण भिडियो एक्स रे सेवा संचालन गरिएको छ र उक्त सेवाबाट २११ जना गर्भवती महिलाहरुले सेवा प्राप्त गरेका छन्। मेलम्ची नगरपालिका वडा नं. १, ४ र ६ मा स्त्री रोग शिविर संचालन गरी २४० जना महिलाहरुलाई सेवा प्रदान गरिएको छ । बर्थिङ्ग सेवा संचालन भएका स्वास्थ्य संस्थाहरुमा परिवार नियोजन अस्थायी घुम्ती शिविर संचालन गरी ५९ जना सेवाग्राहीहरुलाई सेवा प्रदान गरिएको छ । पाठेघरको समस्या भएका महिलाहरुलाई २१ वटा च्ल्न एचभककबचथ राख्ने कार्य गरिएको छ
- ❖ चालु आ.व.मा प्राथमिक स्वास्थ्य सेवा केन्द्र, मेलम्चीबाट ३१ जना मृतक व्यक्तिहरुको पोष्टमार्टम गरिएको छ भने ८२ जना महिलाहरुलाई सुरक्षित गर्भपतन सेवा प्रदान गरिएको छ।

(३) आयुर्वेद :

- ❖ आयुर्वेद चिकित्सा पद्धतीको विकास र प्रवद्र्धन गर्नको लागि आ.व. २०७६/७७ मा जरायोटार आयुर्वेद औषधालय र थकनी आयुर्वेद औषधालयमा शिरोधारा कार्यक्रम र स्वेदन कार्यक्रम नियमित रुपमा संचालन

भैरहेको छ । मेलम्ची नगरपालिका वडा नं. ११ स्थित ईन्द्रेश्वरी माध्यामिक विद्यालय, मेलम्ची कम्युनिटी मा.वि. र समता शिक्षा निकेतन मा.वि., मेनपा वडा नं. १२ स्थित जालपा देवी मा.वि. र वडा नं. ६ स्थित तेर्से मा.वि.मा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ । त्यसैगरी थकनी आयुर्वेद औषधालयबाट मेनपा वडा नं. ४ स्थित सुनकोशी बोर्डिङ स्कुल, श्रीकृष्ण मा.वि., ठूलोथकनी मा.वि. र मेनपा वडा नं. २ स्थित जाल्पा देवी उच्च मा.वि.मा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ। यस कार्यक्रमबाट जम्मा ५०७ जना विद्यार्थीहरुले आयुर्वेद तथा योग शिक्षा प्राप्त गरेका छन् ।

- मेलम्ची न.पा. वडा नं. ६ स्थित तेर्से मा.वि. र मेनपा २ स्थित जल्पा देवी उच्च मा.वि. मा प्रत्येक महिनाको १ दिन आयुर्वेद गाउँघर शहरी क्लिनिक नर्सने रोग व्यवस्थापन तथा उपचार सेवा संचालन गरिएको छ । यसबाट ४४८ जना व्यक्तिहरु लाभान्वित भएका छन् ।
- आयुर्वेद तर्फका ६३ थरी औषधिहरु खरिद गरी वितरण गर्ने कार्य गरिएको छ । स्तनपायी आमालाई मातृ शिशु सुरक्षार्थ दुग्धबद्र्धक आयुर्वेद औषधिहरु र ज्येष्ठ नागरिकको स्वास्थ्य प्रवद्र्धनको लागि रसायन औषधिहरु नियमित रुपमा वितरण गरिएको छ । मेलम्ची नगरपालिका अन्तर्गतका दुबै आयुर्वेद औषधालयबाट अमलपित्त, बाथ रोग, जन्डिस, ज्वरो, रुघाखोकी लगायतका रोगबाट पीडित पुरुष बिरामी १३८४ जना र महिला बिरामी १४२५ जना गरी जम्मा २८०९ जना बिरामीहरुको उपचार गरिएको छ ।
- कोरोना संक्रमणको महामारी रोकथाम तथा नियन्त्रण गर्नको लागि आयुर्वेद औषधालयबाट बाहुनेपाटी स्थित क्षत्रिय क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको लागि रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धिको लागि गुडुची चूर्ण, अस्वगन्धा चूर्ण र सतावरी चुर्ण वितरण गरिएको छ ।

(झ) महिला तथा बालबालिका : चालु आ.व. २०७६/०७७ मा महिला लक्षित कार्यक्रम संचालन गर्नुका साथै अन्तराष्ट्रिय बाल दिवस, मानब बेचबिखन तथा ओसार पसार विरुद्धको दिवस, ज्येष्ठ नागरिक दिवस, अपाङ्ग दिवस, लैङ्गिक हिंसा विरुद्धको अभियान लगायतका दिवसहरु मनाइएको छ ।

- ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने उद्देश्य अनुसार नगरपालिका भित्रका ८० वर्ष भन्दा माथिका ६२ जना ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने कार्य गरियो । यस नगरपालिकामा बाल बालिकाहरुको हक हित संरक्षणको लागि १७ सदस्यीय नगर बाल सञ्जाल गठन गरियो । वडा बाल सञ्जालका भाइ बहिनीहरुबीच कविता प्रतियोगिता कार्यक्रम संचालन गर्नुका साथै नगरपालिका अन्तर्गत माध्यामिक विद्यालय स्तरीय निबन्ध प्रतियोगिता संचालन गरियो जसमा १२१ जना विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।
- अन्तराष्ट्रिय बाल दिवसको अवसरमा वडा बाल सञ्जालका प्रतिनिधिहरुबीच वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरियो । नगर भित्रका एकल महिलाहरुले सामना गर्नु परेको विविध समस्याहरुको समाधानको लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो, जसमा १५ जना एकल महिलाहरुको उपस्थिति रहेको थियो ।
- घरेलु हिंसा, मानसिक हिंसा, शारिरिक हिंसामा परेका महिलाहरुलाई नगरपालिका भित्रका १३ वटै वडाहरुमा मनोपरामर्श तथा सचेतना कार्यक्रम संचालन गरिएको छ । त्यसैगरी महिला सहकारी संस्थाका संचालक समितिका पदाधिकारीहरुबीच सहकारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरियो ।
- यस नगरपालिकाबाट क वर्गको ३३ वटा, ख वर्गको ६२ वटा, ग वर्गको ४० वटा, घ वर्गको १९ वटा गरी १५४ वटा अपाङ्ग परिचय पत्र र ६० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकहरुलाई १२२ वटा ज्येष्ठ नागरिक

परिचय पत्र वितरण गर्ने कार्य गरिएको छ । हालसम्म यस नगरपालिकाबाट २५७ वटा अपाङ्ग परिचयपत्र र ३९८ वटा ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ ।

(ञ) उद्योग, व्यवसाय तथा राजस्व प्रवर्द्धन :

- ❖ मेलम्ची नगरपालिका क्षेत्रका बजारलाई व्यवस्थित गरी उपभोक्तामैत्री बनाई बजार मूल्यलाई सुपथ र सन्तुलन बनाउँने उद्देश्यले मेलम्ची नगरपालिका, उद्योग वाणिज्य संघ, उपभोक्ता हकहित संरक्षण मञ्च, रेडियो मेलम्ची र सुरक्षा निकायकबाट संयुक्त रुपमा यस नगरपालिका अन्तर्गत मेलम्ची, तालामाराङ, बाहुनेपाटी, सिन्धुखोला लगायतका बजारहरुको बजार अनुगमन गरी कालोबजारी नियन्त्रण, अखाद्य वस्तुहरुको विक्री वितरणमा रोक तथा बजार मूल्यलाई व्यवस्थित र सुपथ बनाउँने कार्य गरिएको छ ।
- ❖ राजस्व अभिवृद्धि गरी नगरलाई समृद्ध बनाउँने उद्देश्य अनुसार आन्तरिक राजस्व कार्यालय र गुणस्तर तथा नापतौल विभागसंग समन्वय र सहकार्य गरी नगरपालिका क्षेत्र भित्रका उद्योगी, व्यवसायी र उपभोक्ताहरुलाई राजस्व, नापतौल र गुणस्तर सम्बन्धी अन्तरक्रिया र छलफल कार्यक्रम गरिएको छ । त्यसैगरी राजस्वका थप श्रोतहरुको पहिचान गरी नगरपालिकाको राजस्व प्रशासनमा सुधार गर्नको लागि राजस्व सुधार कार्य योजना तयार गर्ने कार्य गरिएको छ ।
- ❖ ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र तर्फ ढुंगा, गिटी, बालुवाको विक्री मार्फत आन्तरिक राजस्व संकलनको लागि यस आ.व.मा तिनपिप्ले निर्माण सेवासंग जम्मा रु. २४ करोड ७७ लाख ७७ हजार ७ सय ७७ रुपैयाँमा ठेक्का सम्झौता गरिएको छ भने कोरोना भाइरसको उच्च जोखिमबाट हुने महामारीलाई समेत मध्यनजर गर्दै आगामी आ.व. २०७७/०७८ को लागि कूल २० करोड २५ हजार रुपैयाँमा ठेक्का आव्हान गरिएको छ ।

(ट) सार्वजनिक जग्गा संरक्षण :

- ❖ नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण गर्ने नीति अनुसार हालसम्म मेलम्ची नगरपालिका वडा नं. ११ स्थित सिम्ला बगर क्षेत्रको ७४ रोपनी ८ आना, गैरा बगर क्षेत्रको २७ रोपनी, बगैंचा क्षेत्रको ५७ रोपनी र मेलम्ची नगरपालिका वडा नं. १२ र १३ का क्रसर उद्योग स्थापना भएको क्षेत्र भित्रका ३६१ रोपनी १३ आना, बाहुनेपाटी बजार मुनीको बगर क्षेत्रमा ६० रोपनी गरी गरी कूल ५७९ रोपनी ५ आना सार्वजनिक जग्गाहरु छुट्ट्याउने कार्य सम्पन्न गरिएको छ । उपरोक्त सार्वजनिक जग्गाहरु मध्ये ईन्द्रावती नदी क्षेत्रका सार्वजनिक जग्गाहरु प्रयोग गरे बापत सम्बन्धित क्रसर उद्योगसंग प्रती रोपनी दश हजारका दरले बहाल बिटौरी शुल्क संकलन गरिएको छ ।

(ठ) प्रधानमन्त्री रोजगार कार्यक्रम :

- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाई नगरपालिका भित्रका बेरोजगार व्यक्तिरुलाई रोजगारीमा आवद्ध गराउँने उद्देश्यले आ.व. २०७६÷०७७ मा यस नगरपालिका भित्रका ५४६ जना बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरिएको छ । रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत भएका १४ वटा आयोजनाहरु मध्ये ६ वटा आयोजनाहरु यस नगरपालिका र सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्चको साझेदारीमा मेलम्ची न.पा. वडा नं. ९ को डब्ल्याङ पातले सडक मर्मत, मेनपा ११ को कटुञ्जे मोटरबाटो मर्मत तथा नाली सुधार, मेनपा ८ को वडा कार्यालय देखि स्वास्थ्य चौकीसम्म पक्की नाली निर्माण, वडा नं. १० को रामपुर ठाडोबाटो र शिखरपुर १ गोरेटो बाटो निर्माण, मेनपा ६ को तालामाराङ बतासे ओखेनी सडक नाली र सोलिङ्ग, मेनपा ४ को शुरुङ पाटी

भञ्ज्याङ्ग थानाभञ्ज्याङगढी पदमार्ग निर्माणको कार्य भैरहेको छ। त्यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट मेनपा ७ को वडा कार्यालय पर्खाल निर्माण, मेनपा २ को तपचुली देखि प्रकृति रिसोर्ट पदमार्ग निर्माण, वडा नं. १२ को नेपालथोक देखि ढकालखहरे बगैंचा हुँदै खत्री टोल सडक मर्मत र वडा नं. ३ को काउले दोभान वडा कार्यालय मोटर बाटो मर्मतको कार्य निर्माणाधिन अवस्थामा रहेको छ । माथि उल्लेखित आयोजनाबाट नगरपालिकाका ३६० जना बेरोजगार व्यक्तिहरुले रोजगारी प्राप्त गरेका छन्।

(ड) सहकारी :

- ❖ नगर भित्रका सहकारीहरुको प्रवद्र्धन र व्यवस्थापन गर्ने उद्देश्यले सहकारी संस्थाका संचालक समितिका सदस्यहरुलाई सहकारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ। मेलम्ची नगरपालिका भित्र हालसम्म बचत तथा ऋण सहकारी संस्था ४४, कृषि सहकारी संस्था ४२, दुग्ध उत्पादक सहकारी संस्था ४५, बहुउद्देश्य सहकारी संस्था ७ वटा, उपभोक्ता सहकारी संस्था ६ वटा र कफी सहकारी संस्था ३ वटा गरी जम्मा १४७ वटा सहकारी संस्थाहरु दर्ता भएकोमा चालु आ.व.मा थप १ वटा कृषि सहकारी संस्था लि. दर्ता गर्ने कार्य गरिएको छ भने जरायटार सामुदायिक कृषि सहकारी संस्था लि. र प्रभात साना किसान कृषि सहकारी संस्था लि. लाई एकिकरण गरी जरायटार साना किसान कृषि सहकारी संस्था लि. को रुपमा एकिकरण गर्ने कार्य गरिएको छ।

(ढ) सामाजिक सुरक्षा तथा पञ्जिकरण :

- ❖ सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्ने उद्देश्य अनुसार यस नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको यथार्थ तथ्याङ्क वडागत रुपमा अध्यावधिक गर्ने कार्य गरिएको छ। चालु आ.व.मा यस नगरपालिका भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु मध्ये ज्येष्ठ नागरिक २४०७ जना, ज्येष्ठ नागरिक दलित २२३ जना, एकल महिला १२ जना, बिधवा १९२४ जना, क वर्गको पूर्ण अपाङ्गता भएका लाभग्राही १५१ जना, ख वर्गका अति अशक्त अपाङ्गता भएका लाभग्राही २१७ जना, बालबालिका दलित ५८४ जना गरी कूल जम्मा ५५१८ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको र यस कार्यमा कूल जम्मा रु. १४ करोड ८० लाख ६५ हजार ६ सय रुपैयाँ खर्च भएको छ।
- ❖ सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउँन बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी नगरपालिका क्षेत्र भित्र कार्य गरिरहेका विभिन्न बैंकहरुसंग समन्वय गरिएको छ। नेपाल बैंक लि. वडा नं. १, २ र ७, कृषि विकास बैंक लि. वडा नं. १२ र ४, सिन्धु विकास बैंक लि. वडा नं. ६ र ११, कुमारी÷देव विकास बैंक लि. वडा नं. ८ र १३, सिभिल बैंक लि. वडा नं. ५ र ९ तथा लक्ष्मी बैंक लि. वडा नं. ३ र १० लाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि जिम्मेवारी दिइएको छ। सम्बन्धित बैंक र वडाको समन्वयमा मेलम्ची न.पा. वडा नं. ७ का सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीहरुको बैक खाता खोल्ने कार्य सम्पन्न भएको छ भने अन्य वडाका लाभग्राहीहरुको खाता खोल्ने कार्य भैरहेको छ

(ण) सामाजिक संस्था तर्फ :

- ❖ मेलम्ची नगरपालिकाको समग्र विकास निर्माण कार्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको महत्वपूर्ण भूमिका रहेको छ । मेलम्ची नगरपालिका भित्र कार्यक्षेत्र बनाई कार्य गरिरहेका नेपाल रेडक्रस सोसाइटी, चाइल्ड नेपाल, महिला आत्मनिर्भरता केन्द्र, सि यस् आर सि, सामुदायिक विकास तथा वातावरण

संरक्षण मञ्च, रेष्ट नेपाल, रक्षा नेपाल, शक्ति समूह लगायतका गैससहरुबाट नगरपालिका अन्तर्गतका पूर्वाधार निर्माण र क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रममा सहयोग भएको छ ।

- ❖ मेलम्ची नगरपालिका र सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्चको संयुक्त साझेदारीमा मेनपा वडा नं. १० र १२ मा खानेपानी ट्याङ्की निर्माण गरी ७४ वटा खानेपानी धाराहरु निर्माण सम्पन्न गरिएको छ । मेनपा वडा नं. ५, ९, १० र ११ मा सिंचाई कुलो निमार्ण भएको छ । यसबाट करिव २२७ घरधुरी लाभान्वित भई १५०० रोपनीमा सिंचाई सुविधा पुगेको छ भने मेनपा १० मा १५०० लि. क्षमताको दुग्ध चिस्याउने केन्द्र निर्माणाधिन अवस्थामा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ मेनपा वडा नं. ४, ६, ८, ९, १० र ११ का बेरोजगार सूचीमा समावेश भएका व्यक्तिहरुलाई कामको लागि राहत वितरण भएको छ ।
- ❖ मेलम्ची नगरपालिका र महिला आत्म निर्भरता केन्द्रको साझेदारीमा मेलम्ची नगरपालिका वडा नं. १२ मा ३१ घरधुरीको थाक्ले एकिकृत बस्ती निर्माण गरी समुदायलाई हस्तान्तरण गरि उक्त बस्तीमा आयआर्जनको लागि होमस्टे तालिम र होमस्टे संचालनको सामाग्री हस्तान्तरण गरिएको छ । ग्रामीण स्वास्थ्य सुधारका लागि महिला आत्मनिर्भरता केन्द्रको सहयोगमा एक जना कर्मचारीको व्यवस्था गरिएको छ । कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य सामाग्री र क्वारेन्टाइन व्यवस्थापनको लागि सहयोग गरिएको छ ।
- ❖ मेलम्ची नगरपालिकाले नगरभित्र कार्यक्षेत्र बनाई कार्य गरिरहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसंग समन्वय र सहकार्य गरी कार्य गरिरहेको छ । यसरी समृद्ध नगर निर्माणको लागि गैर सरकारी संस्थाहरुको भूमिका अझ बढि प्रभावकारी देखिन्छ ।

(त) न्यायिक कार्यको सम्पादन :

- ❖ चालु आ.व. २०७६/७७ मा विभिन्न किसिमका झै–झगडा, अंश मुद्धा, सिंचाई, कुलो, पानी, ज्याला मजदुरी, तलब भत्ता, साँध सिमाना, गालिगलौज, पारिवारिक अवहेलना तथा दुव्र्यवहार, कुटपिट तथा यातना, ज्येष्ठ नागरिकको उचित पालन पोषण नगरेको, लेनदेन, ठगी लगायतका ५६ वटा उजुरीहरु दर्ता भएकोमा ४१ वटा मुद्धाहरु न्यायिक समितिबाट निरुपण भएका छन् । तामेलीमा रहेर निरुपण भएका मुद्धाहरु ११ वटा रहेका छन् भने निरुपणको प्रक्रियामा १५ वटा मुद्धाहरु रहेका छन् । त्यसैगरी वडा मेलमिलाप केन्द्रमा निवेदन दर्ता भई मिलापत्र भई आएका १४ वटा मुद्धाहरु रहेका छन् । नगरपालिकाबाट सम्पादन हुने न्यायिक कार्यलाई व्यवस्थित, पारदर्शी र मेलमिलापका माध्यमबाट विवाद समाधान गर्न नगरपालिका अन्तर्गतका १३ वटै वडाहरुमा मेलमिलापकर्ताहरुको सूची तयार गर्नुका साथै सबै वडाका सूचिकृत मेलमिलापकर्ताहरुलाई न्याय सम्पादन तथा मेलमिलाप सम्बन्धि प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

(थ) सुशासन तथा सूचना प्रविधि :

- ❖ मेलम्ची नगरपालिका तथा वडा कार्यालयमा सेवा लिन आएका सबै सेवाग्राहीहरुलाई कामको प्रकृतिको आधारमा यथासक्य चाँडो सेवा प्रदान गर्ने कार्य गरिएको छ । नगरपालिका लगायत वडा कार्यालयहरुमा नागरिक बडापत्र, उजुरी पेटीका, सूचना बोर्डको स्थापना गर्ने कार्य गरिएको छ ।
- ❖ नगरपालिका र वडाका दैनिक कामहरुलाई सहज र सरल ढंगबाट सम्पादन गर्नको लागि चालु आ.व. २०७६/७७ मा कर संकलन प्रणाली र जिन्सी व्यवस्थापन प्रणालीको सफ्ट्वेयहरु जडान गरी संचालनमा

ल्याइएको छ । यस नगरपालिका र टुकी संघ सुनकोसीको सुशासन परियोजना अन्तर्गत कृषि कार्यक्रम व्यवस्थापन प्रणाली, न्यायिक व्यवस्थापन प्रणाली र पूर्वाधार व्यवस्थापन प्रणाली जडान गरिएको छ ।

- ❖ नगरपालिका तथा अन्तर्गतका वडाबाट सम्पादन हुने दैनिक कार्यहरुलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि राजस्व संकलन सफ्ट्वेयर तालिम प्रदान गर्ने कार्य गरियो भने दर्ता चलानी लगायत सूचना प्रविधिमा क्षमता विकास गर्नको लागि सफ्ट्वेयर तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिएको छ । नगरलाई प्रविधिमैत्री बनाउँने उद्देश्य अनुसार शौर्य उर्जा जडान र सबै वडा कार्यालयहरुमा इन्टरनेट जडान गर्ने कार्य गरिएको छ । त्यसैगरी आम जनताहरुलाई सूचनाको पहँचमा अभिवृद्धि गर्नको लागि नगरपालिकाले वेभसाइट, मोबाइल एप तथा फेसबुक पेज मार्फत नगरको सबै किसिमका सूचनाहरु सम्प्रेषण गर्ने कार्य गरिएको छ ।

(द) जिन्सी व्यवस्थापन :

- ❖ नगरपालिकाको जिन्सी प्रणालीलाई व्यवस्थित गर्नको लागि चालु आ.व.मा जिन्सी व्यवस्थापन सफ्टवेयर जडान गरी सफ्टवेयर मार्फत जिन्सी सामानको अभिलेख राख्ने कार्य गरिएको छ । जिन्सी शाखा मार्फत एकिकृत कर प्रणाली र योजना सम्बन्धी प्रणालीको जडान गरी संचालनमा ल्याइएको छ । सम्पूर्ण वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान गरी संचालन गर्ने कार्य गरिएको छ । मौजुदा ऐन कानूनको अधिनमा रही स्वीकृत बजेटको परिधिभित्र रही खरिदका कार्यहरु गरिएको छ । नगरपालिकाले यस आ.व.मा सम्पन्न गरेको नयाँ भवनमा डिजटलाइजेशन तथा लुज फर्निचर सेटअपको लागि सम्झौता गर्ने कार्य सम्पन्न गरिएको छ ।

(ध) ऐन, कानून तथा नीति निर्माण :

- ❖ नेपालको संविधान २०७२, ले अंगिकार गरेका सिद्धान्त, नीति र स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाबाट चालु आ.व. २०७६/७७ मा तपशिल बमोजिमका ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु निर्माण तथा संशोधन गरिएको छ

तपशिल

१. विनियोजन ऐन, २०७७
२. आर्थिक ऐन, २०७७
३. नगर शिक्षा ऐन, (दोश्रो संशोधन), २०७७
४. सहकारी ऐन, (पहिलो संशोधन), २०७६
५. मेलम्ची नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सम्बन्धी ऐन, २०७६
६. मेलम्ची नगरपालिकाको संस्था दर्ता ऐन, २०७६
७. मेलम्ची नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६

आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम

अब म आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आदरणीय उपप्रमुख एवम् नगर सभाका सदस्यज्यूहरु,

सम्वृद्ध नगर, सुखी नगरबासीको आकांक्षा पूरा गर्न कोरोना महामारीको कारण श्रृजना भएको असहज परिस्थितिमा सामाजिक विकासका क्षेत्रहरुलाई उच्च महत्व दिई नगरबासीहरुको जनजीवन सहज बनाउने तर्फ केन्द्रित भई नगरका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

१) नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनले निर्दिष्ट गरेको काम, कर्तव्य र अधिकार क्षेत्रलाई दृष्टिगत गरी मेलम्ची नगरपालिकाले निर्माण गरेको आर्थिक ऐनको आधारमा संघ तथा प्रदेश सरकार एवम् जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय गरीप्रचलित ऐन कानुन तथा संघीय र प्रदेश सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी नगरपालिकाको राजश्व अभिवृद्धि गरिनेछ ।

२) नगरको दिगो विकासका लागि विभिन्न क्षेत्रसँग सम्बन्धित स्थायी प्रकृतिका पर्यटन विकास कोष, कृषि विकास कोष, विपद व्यवस्थापन कोष लगायत आवश्यकताका आधारमा अन्य वित्तीय कोषहरु खडा गरी क्षेत्रगत विकास अघि बढाइनेछ ।

३) नगरपालिकाबाट लिइने कर एवम् अन्य सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गरी लक्षित वर्गलाई सहुलियत दिने गरी निर्धारण गरिनेछ ।

४) नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित कार्यक्रम तथा योजनाहरुकार्यान्वयन गर्ने क्रममा सम्बन्धित निकायबाट स्रोतमा थपघट वा परिमार्जन भएमा सोहीबमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

५) "कर भार होइन, नगर समृद्धिको आधार हो" भन्ने चेतना जागरण गराउन करदाताहरुका लागि राजश्व सचेतना अभियान सञ्चालन गरिनेछ ।

६) आन्तरिक राजस्व वृद्धि गरी नगरलाई समृद्ध बनाउनको लागि संकलन गरिने सम्पत्ति कर, भूमि कर लगायतका करहरु संकलन गर्न अभियानकै रुपमा घुम्ती शिविरहरु संचालन गरिनेछ ।

७) नगरपालिकाको आन्तरिक श्रोत र करका दायराहरुलाई फराकिलो बनाई राजश्व वृद्धि गर्न विज्ञ समूहबाट अध्ययन गरिएको राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदनबाट प्राप्त भएको सुझावलाई कार्यान्वयन गरिनेछ ।

८) स्थानीय उद्योग तथा व्यवसाय प्रवद्र्धन र रोजगारी सिर्जनामा टेवा पु¥याउने करदाताहरुलाई करदाता मैत्री प्रगतिशिल कर लागू गरिनेछ ।

९) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त मार्गदर्शन र नगरको आन्तरिक आयस्रोत समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारहरु तय गरिनेछ ।

१०) नगरको आर्थिक समृद्धिका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी र सहभागितामा उद्योग, व्यापार एवम् पर्यटनलाई प्रवर्धन गर्ने कार्यक्रमहरु अगाडि बढाइनेछ ।

११) आपूर्ति व्यवस्थालाई सरल, सुलभ र सहज बनाउन बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

१२) मध्य पहाडी लोकमार्गसँग जोडिएको मेलम्ची नगरपालिकाको बाहुनेपाटी बजार क्षेत्रलाई व्यापारिक क्षेत्रको रुपमा र मेलम्ची बजारलाई प्रशासनिक क्षेत्रको रुपमा विकास गरिनेछ।

१३) नगरको समग्र विकासको लागि संघ, प्रदेश र नगरपालिकासंग सिमाना जोडिएका अन्य नगरपालिका तथा गाउँपालिकाहरुसंग आवश्यक समन्वय र सहकार्य गरी साझेदारीका कार्यक्रमहरु संचालन गरिनेछ ।

१४) निर्माण, उत्पादनमुलक, स्थानीय कच्चापदार्थ प्रयोग हुने उद्योग तथा कलकारखाना एवम् अन्य सेवा क्षेत्रमा रोजगारीका अवसर सिर्जना गरिनेछ ।

१५) नगरको स्थानीय आवश्यकताका आधारमा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

१६) नगरभित्र संचालन हुने विकास निर्माणका काममा संलग्न हुने महिला र पुरुषलाई "समान कार्यको लागि समान ज्याला" दिने व्यवस्था मिलाइनेछ ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

१७) नगरको पर्यटन विकासको लागि मेलम्ची स्वप्न सरोवर र मेलम्ची सिटी पार्क निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ बहुउदेश्यीय आयोजनाका रुपमा अगाडि बढाइनेछ ।

१८) नगरको पर्यटन बिकासका लागि एकिकृत नगर विकास गुरु योजना तयार गर्दा पर्यटन गुरु योजनामा समावेश गरिएका क्षेत्रहरु जस्तैः धुसेनी, धौले, गुफा चाँखु, हैवुङ, भोटेचौर, ककनी, थाना भञ्ज्याङ्गगढी लगायत नगरका अन्य क्षेत्रहरुमा पिक्निक स्पट, पार्क, होम स्टे, भ्यू टावर लगायतको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

१९) नगरको पर्यटन विकासको लागि पर्यटन पदमार्गहरुको पहिचान तथा निर्माण गरी पर्यटन प्रवद्र्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०) पर्यटन विकासका लागि गठित नगरस्तरीय पर्यटन विकास समितिको क्षमता विकास गरी सो समिति मार्फत पर्यटनसँग सम्बन्धित गतिविधि संचालन गरिनेछ । नगरको पर्यटन विकासको लागि कला, संस्कृति, साहित्य, मठ, मन्दिर र गुम्बाको संरक्षण, संम्वद्र्धन तथा प्रवर्द्धनमा जोड दिइनेछ ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

२१) कृषि तथा पशु विकासका लागि एकिकृत सेवा केन्द्र मार्फत कृषकहरुलाई सेवा पुर्याइनेछ ।

२२) निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गरी नगरलाई तरकारी, खाद्यान्न, दुग्ध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ। साथै मेलम्ची नगरपालिका भित्र तरकारी, फलफुल तथा नगदेबाली उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ

२३) कृषिमा आधुनिक प्रविधिको विकासको लागि वास्तविक किसानको पहिचान गरी यन्त्र उपकरण खरिदमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२४) म खान्छु मैले उत्पादन गरेको तरकारी र खाद्यान्न भन्ने अभियान चलाई बाझो जमिनमा तरकारी र खाद्यान्न उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

२५) नगरवासीको खाद्य सुरक्षालाई प्रत्याभूत गरी बागमती प्रदेश सरकारले अघि सारेको "कोही भोकै पर्दैनन्, भोकले कोही मर्दैनन्" भन्ने अभियानलाई सार्थक तुल्याउनका लागि मुख्य खाद्यवस्तुहरुको उत्पादनमा वृद्धि गर्न किसानहरुलाई विउविजन, मलखाद आदि सहज रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२६) नगरपालिकाभित्र रहेका कृषि सहकारी संस्थाहरुसंगको लागत साझेदारीमा माटो परीक्षण तथा कृषि उपजको बजारीकरणका लागि यातायात साधनको व्यवस्था गर्न आवश्यक कदम चालिनेछ ।

२७) नगरका मुख्य बजारहरुमा कृषि उपज संकलन केन्द्र निर्माण गरी स्तरवृद्धि गर्दै लगिनेछ ।

२८) नगर भित्र रहेका बाँझो तथा सार्वजनिक जग्गाको तथ्याङ्क संकलन गरी उक्त जग्गामा कृषि सहकारी मार्फत सामुहीक कृषि खेती गर्न प्रोत्साहन गरिनेछ ।

२९) आधुनिक कृषि प्रविधिको माध्यमबाट नमूना कृषि फर्म र फलफुल तथा तरकारीको नर्सरी स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

३०) बालीनालीमा देखा पर्ने विभिन्न प्रकारका रोग तथा किराहरुको नियन्त्रणको लागि आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन गरी कृषककै खेतबारीमा प्राविधिक पुगी सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । कृषकहरुलाई घरदैलो तथा खेतबारीमै पुगी सेवा प्रदान गर्न संघीय एवम् प्रदेश सरकारसँग आवश्यक समन्वय गरी एक वडा एक कृषि तथा पशु प्राविधिक व्यवस्था गर्न पहल गरिनेछ ।

३१) कृषि बिमाको दायारालाई विस्तार गर्दै अनुदान लिने लाभग्राही कृषकहरुलाई कृषि बिमा अनिवार्य गरिनेछ ।

३२) कोभिड -१९ को कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाई बसेका युवाहरुलाई प्रोत्साहन सहित आवश्यक सीप, तालिम र अनुदानको व्यवस्था गरी कृषि पेशामा संलग्न गराइनेछ ।

३३) कृषकहरुलाई दिइने अनुदानलाई पारदर्शी र व्यवस्थित बनाउन अनुदान वितरण कार्यविधि बनाई अनुदान वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३४) कृषि क्षेत्रको उत्पादन वृद्धि गर्नका लागि आवश्यकता अनुसार साना सिंचाई तथा थोपा सिंचाईको व्यवस्था गरिनेछ

३५) एक वडा एक नमुना कृषि सहकारी को अवधारणा लागू गरी सहकारी मार्फत उन्नत विउविजन, मलखाद तथा कृषि उपकरणहरु उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणको जिम्मा नमुना कृषि सहकारीले लिने व्यवस्था मिलाइनेछ ।

३६) नगरपालिकामा एक वडा एक कृषि सहकारी विकास गर्ने उद्देश्यले समान किसिमका सहकारीहरुलाई अनुदानको व्यवस्था सहित एकीकरणको अभियान चलाइनेछ ।

३७) मेलम्ची नगरपालिका क्षेत्र भित्र दर्ता भई संचालनमा रहेका पशु पंक्षी तथा मत्स्य फर्महरु मध्येबाट सबैभन्दा बढी रोजगारी सिर्जना गर्ने व्यवसायिक फर्मलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

३८) पशु बिमामा किसानको सर्बसुलभ पहुँच पुर्याउनको लागि पशु बिमालाई आवश्यक सहुलियत तथा अनुदान दिई पशु बिमा गराउने नीति लिईनेछ । यसका लागि निजी क्षेत्र, समूह र सहकारी संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

३९) सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा पशु नश्ल केन्द्र स्थापना गरी उन्नत जातका गाई, भैँसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरणलाई व्यवस्थित गरिनेछ ।

४०) बाख्राको नश्ल सुधारका लागि बोयर जातका उन्नत बोका खरिद गरी नगरपालिका अन्तर्गतका वडाहरुमा वितरण गरिनेछ ।

४१) पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवालाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सहकारी र नीजि क्षेत्रलाई समेत सहभागी गराइनेछ ।

४२) नगरलाई स्वच्छ, सफा र व्यवस्थित बनाउन नगरका प्रमुख व्यापारिक केन्द्रहरुमा आधुनिक बधशाला संचालनको नीति लिइनेछ ।

४३) पशु उपचार सेवालाई अझ प्रभावकारी बनाउन नगरका प्रत्येक वडामा घुम्ती शिविरको आयोजना गरिनेछ ।

४४) दुग्ध तथा दुग्धजन्य पदार्थको संकलन तथा प्रशोधनका लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ । व्यवसायिक पशुपालक कृषकहरुको लागि बैंक तथा वित्तीय संस्था मार्फत ऋण प्रदान गर्न आवश्यक समन्वय गरिनेछ र त्यस्ता व्यवसायियक पशुपालक कृषकहरुको लागि बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको ऋणको निश्चित प्रतिशत ब्याज अनुदान दिने नीति अवलम्बन गरिनेछ ।

४५) नगरपालिका क्षेत्रभित्र कुखुराको चल्ला उत्पादन गरी मासु तथा अण्डाको आत्म निर्भरताको लागि ह्याचरी मेशिन सहयोग गरिनेछ ।

४६) पशु आहार तथा घाँस उत्पादनको लागि हिउँदे तथा वर्षे घाँसका बिउहरु वितरण गरिनेछ ।

४७) व्यवसायिक पशुपालनलाई प्रोत्साहन गर्न पशुपालक कृषकहरुलाई गोठ सुधारका लागि सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

४८) नगरपालिका भित्र सबै पशुहरुको विमा गर्न प्रोत्साहित गरिनेछ भने सहकारी मार्फत जम्मा प्रिमियमको १२.५०% का दरले कृषकहरुलाई अनुदान दिने व्यवस्था मिलाइनेछ।

४९) यस नगरपालिका भित्र रहेका पशुलाई सुत्केरी भत्ता उपलब्ध गराउँने कार्यक्रम अन्तर्गत सहकारी मार्फत गाईलाई १५ केजी र भैसीलाई २५ केजी मकैको पिठो उपलब्ध गराइनेछ ।

५०) प्रदेश सरकारसंग समन्वय गरी आ व २०७७/७८ मा नगरपालिमा एउटा शित भण्डार निमार्ण गरिनेछ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

५१) संघीय सरकारले निर्माण गरेको सहकारी सूचना व्यवस्थापन प्रणालीलाई सबै सहकारीहरुमा लागु गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ। नगर भित्रका सहकारी संस्थाहरुको विद्युतीय अभिलेखीकरण गरी सूचना मैत्री बनाउदै लगिनेछ।

५२) सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रुपमा विकास गरिनेछ। सहकारीलाई उद्यमशीलताको विकास र कृषिको आधुनिकीकरणमा परिचालन गरिनेछ। सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणका कार्यक्रमहरु संचालन गरिनेछ।

५३) सहकारीहरुको एकीकरण तथा समायोजन अभियान चलाई सहकारीहरु समायोजन तथा एकीकरण भएमा प्रोत्साहन अनुदान उपलव्ध गराउने व्यवस्था मिलाइनेछ।

५४) नगरपालिकाभित्रका मुख्य वजार क्षेत्रमा कम्तिमा एक बैंक शाखा स्थापनाको लागि आवश्यक सहजिकरण तथा समन्वय गरी वित्तीय सेवामा सबै नगरवासीको पहुँच सुनिश्चितता गर्दै नगरवासीहरुलाई बैङ्क मार्फत कारोवार गर्न प्रोत्साहन गरिनेछ।

५५) नगरपालिका अन्तर्गत निश्क्रिय रहेका सहकारी संस्थाहरुलाई नियमानुसार लेखा परीक्षण र साधारण सभा गरी गराई कारोबार संचालन गर्न निर्देशन गरिनेछ। विगत दुई आर्थिक वर्षदेखि लेखा परीक्षण एवम् साधारण सभा नगराई निष्क्रिय रहेका सहकारीहरुलाई खारेजीका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

५६) नगरपालिकाको एकीकृत गुरु योजना अनुरुप पूर्वाधार विकासमा जोड दिई नगरपालिकालाई समृद्धिको दिशातर्फ अगाडि बढाउने नीतिलाई निरन्तरता दिइनेछ।

५७) नगरका प्रत्येक वडा कार्यालय सम्म १२ महिना सहज रुपमा यातायात संचालन हुने गरी सडक स्तरोन्नति गरिनेछ। नगर चक्रपथ निर्माण कार्यलाइ निरन्तरता दिइनेछ।

५८) कोभिड-१९ को कारण रोजगारी गुमाएका एवम् अन्य बेरोजगार व्यक्तिहरुलाई श्रममा आधारित राहत कार्यक्रम संचालन गरी सडक नाली व्यवस्थापन, पदमार्ग निर्माण, सिंचाइ कुलो मर्मत लगायतका कार्यहरु सम्पन्न गरिनेछ।

५९) नगरमा संचालन हुने योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई सहभागी गराई परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

६०) नगरका मूख्य बजार केन्द्रहरुमा वास सहितको सार्वजनिक शौचालय र प्रतिक्षालय एवम् ग्रामीण क्षेत्रमा एक वडा एक सामुदायिक भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

६१) मेलम्ची नगरपालिकामा निर्माणाधिन आधुनिक सुविधा सम्पन्न बसपार्क एवम् सिटी पार्कको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

६२) सडक विस्तार तथा स्तरोन्नतिको क्रममा आवश्यकता अनुसार नाली, कजवे, ह्युमपाइप, कलभर्ट, मेशिनरी वाल, ग्याविन वाल, पक्की पुल निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

६३) नगर सम्वृद्धिको आधार, दिगो विकास र पूर्वाधार भन्ने अभियानलाई सार्थक तुल्याउन नगरको पूर्वाधार विकासमा बेरोजगार युवाहरुलाई स्थानीय श्रम, सीप, स्रोत तथा साधन प्रयोग हुने गरी परिचालन गरिनेछ ।

६४) ठूला नदी नियन्त्रण र नदी किनारा संरक्षणका लागि वातावरणीय सम्भाव्यताको अध्ययन गराई नदी किनारामा करिडोर निर्माण गरिनेछ ।

६५) बालबालिकाको खेलकुद तथा मनोरञ्जनका लागि एक वडा एक बाल उद्यान तथा खेल मैदानको नीति लिई कार्यक्रम अघि बढाइनेछ ।

६६) वडाका प्रशासनिक भवन, स्वास्थ्य चौकी, सामुदायिक विद्यायहरुमा सूचना प्रविधिको पहुँच पुर्याउन आवश्यक पूर्वाधारको विकास गरिनेछ ।

६७) नगरपालिका अन्तर्गत निर्माण गरिने सरकारी भवनहरु वातावरण र अपाङ्गतामैत्री बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

६८) नगरपालिका घोषणा पूर्व निर्माण भएका सबै घरहरुको अभिलेखिकरण गर्ने नीति लिइनेछ । नगरपालिकाबाट स्वीकृति नलिई मापदण्ड विपरित घर वनाउने तथा तला थप्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम दण्ड, जरिवाना गर्ने नीति लिइनेछ ।

६९) विनाशकारी भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणको बाँकी कार्यलाई निरन्तरता दिइनेछ ।

७०) प्रत्येक घरधुरीमा खानेपानीको पहुँच पुर्याउन "एक घर एक धारा" निर्माण गरी स्वच्छ पिउने पानीको व्यवस्था गर्नुको साथै खानेपानी सेवाको प्रभावकारितालाई अभिवृद्धि गर्न प्राकृतिक श्रोतहरुको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

७१) जलश्रोतको दिगो व्यवस्थापनको लागि नगरस्तरमा खानेपानी तथा जल उपभोक्ता समितिमार्फत काम गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

७२) भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउँन नगर क्षेत्रमा संचालन विकास निर्माणको काममा आवश्यकता अनुसार सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिनेछ ।

७३) नगर क्षेत्रमा निर्माण हुने पूर्वाधारको उपयोग र दिगो व्यवस्थाको लागि लाभग्राहीको योगदान सहितको पूर्वाधार मर्मत कोष संचालन गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

७४) वितरणमुखी योजना छनौटको अभ्यासलाई निरुत्साहित गर्न परियोजना बैंकको रुपमा रहेको एकिकृत नगर विकास गुरुयोजनाको माध्यमबाट योजना छनौट गर्ने नीतिलाई निरन्तरता दिईनेछ

७५) नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा योजना कार्यान्वयन गर्दा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापनका पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ

७६) भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरीवेक्षण तथा अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

७७) यस नगरसँग सीमा जोडिएका गाउँपालिका र नगरपालिकासँगको समन्वयमा विकास लगायत विभिन्न सवालमा रणनीतिक साझेदारी कायम गर्दै यस नगरलाई मध्य पहाडी क्षेत्रको आकर्षक शहरको रुपमा विकास गरिनेछ। नगरपालिकाभित्र जग्गा एकिकरण गरी व्यवस्थित सहरी बस्ती विकास गरिनेछ ।

७८) भूकम्पपीडितहरुको निजी आवास पुनर्निर्माणमा नक्सा पासको लागि नगरबाट प्रदान गरिदै आएको छुट सुविधालाई निरन्तरता दिइनेछ ।

७९) नगरका सुख्खा जमिनमा सिंचाइ सुविधा उपलब्ध गराउन सिंचाइ पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

८०) नगरभित्र रहेका सामाजिक भेदभाव, छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गिक तथा जातीय विभेद र हिंसाका घटनाहरु न्यूनिकरणको बहस, पैरवी तथा चेतनामुलक अभियान सम्बन्धी कार्यक्रम नगर तथा वडास्तरमा समेत संचालन गरिनेछ ।

८१) नगरलाई बालमैत्री नगर घोषणाका लागि आवश्यक पूर्वतयारीका कार्यक्रमहरु संचालन गरिनेछ । बालविवाह र बहुविवाहलाई निरुत्साहित गर्न विभिन्न किसिमका अभियान एवम् चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

८२) कोभिड-१९ बाट प्रभावित तथा आर्थिक तथा सामाजिक रुपले पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक, अल्पसंख्यक एवं सिमान्तकृत समुदायका व्यक्तिहरुको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

८३) विद्यालयको पहुँच भन्दा बाहिर रहेका किशोरीहरुका लागि सीप तथा रोजगारमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

८४) सुत्केरीलाई दिदै आएको पोषण भत्ता एवम् नगरपालिका भित्रका वर्थिङ सेन्टरमा प्रसुती सेवाका लागि आउने यस नगरपालिकाका महिलाहरुका लागि दिदै आएको एकतर्फी एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

८५) नगरका महिलाहरुले उत्पादन गरेका हस्तकलाका सामाग्रीहरुलाई बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

८६) नगरपालिकाद्वारा सञ्चालन गरिने सीप तथा स्वरोजगारमूलक क्षमता अभिवृद्धिका कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

८७) मानव बेचबिखनको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । मानव बेचविखनबाट प्रभावित तथा गम्भीर प्रकृतिका हिंसामा परेका महिला तथा किशोरीहरुको तथ्यांक संकलन गरी उदार तथा पुर्नस्थापनका लागि नगरपालिका तथा अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाको सहकार्यमा संरक्षण केन्द्र स्थापना तथा संचालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ । मानव बेचविखनबाट प्रभावित तथा गम्भीर प्रकृतिका हिंसामा परेका महिला तथा किशोरीहरु एवम् एचआइभि/एड्सबाट संक्रमितहरुको लागि मनोपरामर्श तथा जीविकोपार्जनको लागि सहयोग गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८८) दलित समुदायको आर्थिक सशक्तिकरणका लागि परम्परागत सीप तथा कलाको आधुनिकीकरण तथा व्यवसायीकरण एवम् सीप विकास मार्फत स्वरोजगारीका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८९) समुदायमा हुने विवाद समाधान गर्न मेलमिलाप गर्ने नीति अख्तियार गर्दै सामुदायिक मेलमिलाप केन्द्रलाई क्रियाशील बनाउने कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ ।

९०) नगरपालिका क्षेत्र भित्र विभिन्न संघ संस्थाहरुद्वारा संचालित कार्यक्रमहरुलाई नगरपालिकाको दायराभित्र ल्याई कार्य गराउने नीतिलाई निरन्तरता दिईनेछ ।

९१) महिला, एकल महिला, बालबालिका, दलित, जनजाति, अपाङ्गता, असहाय र पछाडि परेका समुदायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघ संस्थासंगको सहकार्यमा सशक्तिकरण लगायत आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

९२) नगर क्षेत्रभित्र अनाथ बालबालिका, शारीरिक अपाङ्गता, बौद्धिक अपाङ्गता, मानसिक सन्तुलन गुमाएका तथा वृद्धवृद्धाको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र सञ्चालन गर्ने संघ सस्थासंग समन्वय तथा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

९३) नगरस्तरमा बालबालिका, महिला, एकल महिला, अपाङ्ग, जेष्ठ नागरिक लगायतको संजाल गठन तथा पुर्नगठन गरी क्रियाशिल गराइनेछ । साथै ती सञ्जालहरुसँग समन्वय गरी लक्षित वर्गको कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाइनेछ

९४) अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक अद्यावधिक गरी अपाङ्ग सहायक सामाग्री वितरण गरिनेछ । साथै उनीहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने गरी सञ्चालन गरिदै आएको अपाङ्ग सीप विकास तालिम र बिउ पूँजि वितरण गर्ने कार्यलाई निरन्तरता दि्इनेछ ।

९५) अपाङ्गता भएका बालबालिका सहभागी हुने नगरस्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

९६) राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवं गैरसकारी संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित बनाउन सम्पुर्ण बजेट प्रणालीलाई एकद्धार प्रणालीमा आवद्ध गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

९७) मेलम्ची नगरपालिकाका सबै वडाको सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट भुक्तानी गर्ने नीति अवलम्वन गरिनेछ साथै स्थानीय तहबाट विद्युतीय माध्यममा रहेका लाभग्राहीहरुको विवरण सम्बन्धित बैंकलाई उपलब्ध गराइनेछ

९८) व्यक्तिगत घटना दर्तालाई अनलाइन प्रणालीमा आवद्ध गरी व्यवस्थित रुपमा अभिलेख राखिनेछ ।

९९) व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी सूचनाहरु रेडियो, टेलिभिजन तथा छापा माध्यमहरुबाट प्रशारण तथा प्रकाशन गरिनेछ ।

१००) जेष्ठ नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गरी जेष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०१) ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई अभिनन्दन तथा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

१०२) राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुसार सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०३) पत्रकारिता क्षेत्रको प्रर्वद्धन एवम् विकासका लागि नेपाल पत्रकार महासंघ लगायत संचार सम्बद्ध निकायहरुसँग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

१०४) म लिन्छु मैले रोपेको विरुवाबाट अक्सिजन भन्ने अभियान चलाई नगर क्षेत्रभित्र रहेको सार्वजनिक, खाली र पाखो जग्गामा वृक्षारोपण तथा वन व्यवस्थापन गरी हरित क्षेत्रको प्रवद्र्धन गरिनेछ ।

१०५) वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०६) नगरपालिकाका सबै वडामा वडा सदस्यको संयोजकत्वमा समिति निर्माण गरी एक घर दुई फलफूलका विरुवा रोप्न प्रोत्साहित गरिनेछ ।

१०७) निजी क्षेत्रबाट विरुवा उत्पादन गरी वन विकास गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । नगर क्षेत्रमा पाइने जडिबुटी प्रजातिको संरक्षण र प्रवद्र्धन गरिनेछ ।

१०८) विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी लागू गरिनेछ । विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिईनेछ । विपद व्यवस्थापन कोषलाई निरन्तरता दिई बजेट व्यवस्था गरिनेछ ।

१०९) नगरका पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री तथा विपद न्यूनीकरण हुने गरी पूर्वाधार निर्माणमा जोड दिइनेछ।

११०) नगर क्षेत्रको फोहोरमैला संकलन तथा व्यवस्थापनलाई व्यवस्थित गर्न निर्माणाधिन फोहरमैला व्यवस्थापन केन्द्रको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

१११) वातावरण ऐन र नियमावलीले निर्दिष्ट गरेका योजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

११२) सुरक्षा निकायसँगको सहकार्यमा उद्धार र राहत सामाग्रीको भण्डारणको व्यवस्था गर्दै विपद व्यवस्थापनको पाटोलाई व्यवस्थित गरी क्षती न्यूनीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११३) विश्व तापमानबाट भएको वृद्धिबाट सिर्जित जलवायु परिवर्तनका नकारात्मक असरहरुलाई न्यून गर्न स्थानीय तहमा जलवायु अनुकूलनका कार्यक्रमहरु संचालन गरिनेछ।

११४) स्थानीय विपद् व्यवस्थापनमा संलग्न पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा समुदायको विपद् व्यवस्थापनको क्षेत्रमा क्षमता विकासका कार्यक्रमहरु संचालन गरी विपद व्यवस्थापनमा प्रयोग गरिनेछ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

११५) नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु फरक क्षमताका व्यक्तिहरु, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु एवं दृष्टिविहिनहरुको लागि प्राथमिकताको आधारमा सरल र सहज पहुँच हुनेगरी सापेक्षिक सेवा उपलब्ध गराइनेछ।

११६) नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि गर्दै कार्यप्रभावकारीता बढाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

११७) नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाई व्यवस्थित बनाउदै कानूनी आधार प्रदान गर्न आवश्यक पर्ने कानूनहरु तर्जुमा तथा मौजूदा कानूनहरुको समसामयिक रुपमा परिमार्जन गरी नगरपालिका वा अन्तर्गतका निकायहरुमा विद्युतिय माध्यमाका विभिन्न सफ्टवेयर जडान गर्ने कार्यलाइ निरन्तरता दिदै कार्यालयबाट प्रदान गरिने सेवालाई पारदर्शी एवं सुशासन मैत्री बनाइनेछ।

११८) नगरपालिकाको आम्दानी एवम् खर्च लगायत सार्वजनिक महत्वका प्रत्येक विषयहरुलाई विद्युतीय तथा छापा संचारको माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजनास्थलमा नै सार्वजनिक सुनुवाई, समिक्षा र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११९) नगरसभाबाट स्वीकृत भएको मेलम्ची नगरपालिकाको संगठन संरचना बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई व्वस्थापन गरी जिम्मेवारी प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१२०) नगरपालिका वा मातहतका निकायमा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गराई कार्यसम्पादनलाई नतिजामुखी वनाउन निश्चित मापदण्डका आधारमा जिम्मेवारी हेरफेर गर्ने व्यवस्था मिलाइनेछ।

१२१) नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय कर्मचारी नियमावली र कर्मचारी कल्याण कोष नियमावली तयार गरी लागु गरिनेछ।

१२२) नगरपालिकाले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरी विकास निर्माण तथा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

१२३) नगरपालिकाको विकास र कार्यसम्पादन मूल्याङ्कनको सूचाङ्क तयार गरी सूचाङ्कको आधारमा उत्कृष्ट कर्मचारी, शाखा, वडा तथा स्वास्थ्य संस्थालाई प्रोत्साहन गरिनेछ।

१२४) नगरपालिकाभित्र गठन भएका टोल विकास संस्थाको क्षमता अभिवृद्धि गरी विकास निर्माणका कार्यहरुमा परिचालन गरिनेछ।

१२५) मेलम्ची नगरपालिकाको नियमित, आकस्मिक तथा विकासात्मक काम कारवाहीलई व्यवस्थित रुपले संचालन गर्न प्रयाप्त रुपमा सही तथ्याङ्क आवश्यक पर्ने भएकोले नगरपालिकाको बहुआयामिक विषयलाई समेट्ने खालको विशिष्ट भ्(एचयाष्भि तयार गरी प्रयोगमा ल्याइनेछ ।

१२६) नगरपालिकाले निर्माण गरेका नीति, कानून, मापदण्ड र निर्णयको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनको लागि सेवा करारमा नगर प्रहरी भर्ना गरी परिचालन गरिनेछ ।

१२७) मेलम्ची नगरपालिकाले नगरवासीहरु तथा सरोकारवालाहरुलाई सूचनामा सरल तथा सहज पहुँच स्थापना गर्न छुट्टै Help Desk स्थापना गर्नका साथै सेवाग्राहीको सहजताको लागि Toll Free line को व्यवस्था गरिनेछ ।

१२८) कर्मचारीलाई उपलब्ध गराउदै आएको प्रोत्साहन भत्तालाई कोभिड -१९ को कारण नगरको आन्तरिक आय श्रोतमा पर्ने प्रभावका आधारमा व्यवस्थापन गरिनेछ ।

१२९) ईन्धन तथा सवारी साधनमा हुने अनावश्यक खर्च कटौती गर्न निश्चित मापदण्डको आधारमा सवारी तथा इन्धन प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१३०) नगरपालिकाले सञ्चालन गर्ने विबिध प्रकारका कार्यक्रमहरुको आवास खाना लगाएत फुटकर खर्च कटौती गरिनेछ ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

१३१) विद्यालय उमेर समुहका सबै बालबालिकाहरु विद्यालय भर्ना भएको सुनिश्चित गर्न विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । आधारभूत तहमा भर्ना भएका सबै बालबालिकाले माध्यमिक तह पूरा गरेको सुनिश्चित गर्न HIV/AIDS तथा मानव बेचबिखनबाट प्रभावित बालबालिका एवम् अन्य लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति, दिवा खाजा, स्टेशनरी, पोशाक लगायतको व्यवस्था गरिनेछ ।

१३२) आधारभूत तह सम्मको अध्ययन पूरा गरी विद्यालय छोडेका १६ वर्ष भन्दा माथिका बालबालिकालाई रोजगारमूलक व्यवसायिक तालिमको व्यवस्था मिलाइनेछ ।

१३३) नगरको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगर प्रमुख शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१३४) आफ्ना बालबालिकाहरु सामुदायिक विद्यालयमा भर्ना गरी सार्वजनिक विद्यालय सबलिकरणमा सहयोग गर्ने शिक्षक, कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरुलाई सम्मान गरिनेछ ।

१३५) जनसाङ्ख्यिक बनोट र भौगोलिक अवस्थाको आधारमा विद्यार्थी संख्या कम भएका विद्यालयहरुको समायोजन तथा एकीकरण गर्ने कार्यलाई यस आ.व. मा पनि प्राथमिककताका साथ कार्यान्वयन गरिनेछ । विद्यालय समायोजनका कारणले विद्यालयको पहुँचबाट टाढा भएका बालबालिका एवम् अभिभावक गुमाइ संरक्षकत्व ग्रहण गर्ने व्यक्ति नभएका बालबालिकाको लागि नगर स्तरमा आवासिय विद्यालय संचालन तथा विद्यालयमा यातायातको व्यवस्था मिलाउन आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१३६) नगरबाट संचालित आधारभूत तह उत्तीण परीक्षाको नतिजामा कमजोर देखिएका अंग्रेजी, गणित र विज्ञान विषयका विषयगत शिक्षकहरुलाई आफ्नो विषयको नतिजामा जवाफदेही बनाउन नगर शिक्षा अधिकृतले विषयगत शिक्षकसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइनेछ । कार्यसम्पादनका आधारमा शिक्षक तथा कर्मचारीलाई पुरस्कृत र दण्डित गरिनेछ ।

१३७) नगरका प्रत्येक वडामा संचालित सबै अगुवा माध्यमिक विद्यालयहरुले सोही वडामा संचालित अन्य आधार विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको समेत जिम्मेवारी बहन गर्ने व्यवस्था मिलाइनेछ ।

१३८) एक विद्यालय एक बाल विकास केन्द्रको अवधारणालाई आत्मसात गरिनेछ । बाल विकास केन्द्रको सुदृढिकरणका लागि बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ । बाल विकास केन्द्रका सहजकर्ताको क्षमता विकास गर्न विभिन्न किसिमका तालिमहरुको व्यवस्था गरिनेछ ।

१३९) आधारभूत तह (कक्षा १ देखि ५) सम्म जर्मन नेपाल सहयोग संघबाट संचालित MGML कार्यक्रमलाई निरन्तरता दिदै नगरपालिकाको आर्थिक सहयोगमा नगरका अन्य विद्यालयहरुमा समेत विस्तार गरिनेछ ।

१४०) नगरमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई व्यवस्थित र सुदृढ गरी सञ्चालन गरिनेछ ।

१४१) नगरको स्थानीय परिवेश र आवश्यकतालाई मध्यनजर गरी विद्यालय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१४२) विद्यालयको अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन द्वैमासिक रुपमा संयुक्त अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

१४३) नगरमा संचालित सबै सामुदायिक विद्यालयहरुमा सक्षम र योग्यता पुगेका प्रधानाध्यापकहरु व्यवस्थापन गरी विद्यालयको नेतृत्वलाई सफल र सुदृढ बनाउन खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापकहरु छनोट गरिनेछ । छनोट गरिएका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गरी नियुक्ति प्रक्रिया अगाडि बढाइनेछ ।

१४४) आधारभूत तह र माध्यमिक तहका विद्यार्थीहरु समेत सहभागी हुनेगरी नगरस्तरीय अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ ।

१४५) कोभिड-१९ को कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरी वैकल्पिक माध्यमबाट विद्यार्थीहरुलाई सहजिकरण गर्ने व्यवस्था मिलाइनेछ । संक्रमणको जोखिमको कारण विद्यार्थी तथा शिक्षकमा परेको असरलाई निवारण गर्न मनोपरामर्श तथा अन्य सिर्जनशिलता विकासका क्रियाकलाप संचालन गरिनेछ ।

१४६) नगरमा संचालनमा रहेका क्लवहरुको सहभागितामा मेयर कप खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

१४७) एक वडा एक खेलकुद मैदानको अवधारणालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

१४८) नगरमा क्रियाशिल क्लवहरुले विभिन्न स्थानमा हुने खेलकुद प्रतियोगितामा सहभागी हुनको लागि प्रोत्साहन गरिनेछ ।

१४९) विद्यालयस्तरमा विभिन्न खेलकुद प्रतियोगिता संचालनको लागि खेलकुद सामाग्री व्यवस्थापन गरिनेछ ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

१५०) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) को रोकथाम तथा नियन्त्रण गर्नको लागि संघ, प्रदेश, छिमेकी स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुसंग आवश्यक सहयोग र समन्वय कायम गरिनेछ ।

१५१) कोभिड–१९ को महामारीबाट संक्रमितको संख्या दिन प्रतिदिन बढ्दै गएको सन्दर्भमा थप संक्रमण रोकथाम तथा नियन्त्रणको लागि संचालनमा रहेका क्वारेन्टाइन तथा आइसोलेसन होमहरुलाई अझ प्रभावकारी र व्यवस्थित बनाउँदै लगिनेछ ।

१५२) न्यूनतम सेवा मापदण्ड (MSS) चेक लिष्टको आधारमा स्वास्थ्य संस्थाहरुको सेवा गुणस्तर स्कोर गणना गरिनेछ र सोको आधारमा स्वास्थ्य संस्थाहरुको सेवा गुणस्तर बर्गीकरण गरिनेछ । सेवा गुणस्तर स्कोर कम भएका स्वास्थ्य संस्थाहरुको प्राथमिकताको आधारमा सेवा गुणस्तर सुधार गरिनेछ ।

१५३) एकै तहका स्वास्थ्य संस्थाहरुमा हुने मानव संशाधन, भौतिक पूर्वाधार तथा सेवा गुणस्तरको मापदण्डमा एकरुपता ल्याइनेछ ।

१५४) उत्कृष्ट स्वास्थ्य संस्था र उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीति लिइनेछ ।

१५५) मेलम्ची नगरपालिका वडा नं ११ स्थित डुडे फाँटमा २५ सैयाको अस्पताल निर्माणको प्रारम्भिक कार्यको थालनी गरिनेछ।

१५६) नगर क्षेत्रभित्रका बस्तीहरुबाट नगरका बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउन आउने महिलालाई प्रोत्साहन स्वरुप एम्बुलेन्स सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ । साथै आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिँदै नगरभित्रका बर्थिङ सेन्टर तथा सूचिकृत स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउने नगरपालिका भित्रका सुत्केरी आमाहरुलाई तीन महिनासम्म मासिक रु. एक हजारका दरले पोषण भत्ता उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ । नगरपालिकाका बर्थिङ सेन्टर तथा स्वास्थ्य केन्द्रहरुको आवश्यकताको आधारमा स्तरवृद्धि गर्दै लगिनेछ।

१५७) नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा आधारभूत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरुको व्यवस्था मिलाई नगरवासीको स्वास्थ्य सुरक्षा कायम गर्न समुचित व्यवस्था मिलाइनेछ।

१५८) अपाङ्गता भएका बालबालिकाहरुलाई स्वास्थ्य, उपचार तथा पुर्नस्थापना सेवाहरु संचालन गरिनेछ।

१५९) प्रशुती पुरुष समूह गठन मार्फत गर्भवती तथा सुत्केरी महिलाको प्रोटोकल अनुसारको जाँच र हेरचाह गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१६०) पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६१) महिलाहरुको प्रजनन् स्वास्थ्य पाठेघर खस्ने समस्याको समाधान गर्दै जाने तथा पाठेघरको मुखको क्यान्सरको परीक्षणको लागि VIA जाँच तथा स्तन र अन्य क्यान्सरको लागि परीक्षण र चेतनामुलक कार्यक्रम तथा शिविर संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६२) नगरपालिकाका विभिन्न क्षेत्रमा आयुर्वेद, पञ्चकर्म, योग र प्राकृतिक चिकित्सा लगायतका विशिष्टिकृत सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१६३) नेपाल सरकारले तोकेका गम्भिर प्रकृतिका रोगबाट पीडित नगरवासीको औषधि उपचारको लागि सिफारिस तथा सहयोग गर्ने नीतिलाई निरनतरता दिइनेछ।

१६४) नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका निजी स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१६५) नगरपालिका अन्तर्गतका बर्थिङ सेन्टर र पोष्टमार्टम कार्यमा संलग्न कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१६६) महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

१६७) न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्यलाई व्यवस्थित बनाउन सचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुका साथै इजलास निर्माण तथा व्यवस्थापन र कानूनी सल्लाहकारको प्रभावकारी परिचालन गरिनेछ।

१६८) न्यायिक निरुपणमा शिघ्रता, सरलता, मितव्ययिता जस्ता आदर्श मान्यताको अवाधारणामा जोड दिइनेछ।

१६९) न्यायिक समितिमा हुने न्याय सम्पादनलाई प्रक्रियामुखी भन्दा परिणाममुखी बनाइनुका साथै मेलमिलाप तथा मध्यस्थताबाट न्याय निरुपण गर्न अधिकतम प्रयत्न गरिनेछ।

१७०) न्यायिक निरुपणमा संलग्न वडा तथा नगरस्तरका मेलमिलापकर्ताहरुको आवश्यकता अनुसार गठन, पुर्नगठन गरी जनप्रतिनिधि, कर्मचारी र मेलमिलापकर्ताको सबलिकरणको लागि अन्तरक्रिया, प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गरी जनस्तरमा न्यायिक सचेतनाको कार्यक्रम संचालन गरिनेछ।

धन्यवाद।

मेलम्ची नगरपालिकाको नगर सभामा २०७७ साल आषाढ ९ गते मंगलवार
नगरपालिकाका उपप्रमुख श्री भगवती नेपालले
प्रस्तुत गर्नुभएको बजेट वक्तव्य-२०७७/७८

आदरणीय सभा अध्यक्षज्यू ,

४७. यस नगरपालिका भित्रको बाँझो जग्गा उपयोग गरी आँप, लिच्ची, कटहर, सुन्तला, लप्सी, कागती, ड्रयागन फुड, किवी, टिमुर, वेसार, अदुवा, कफी, जापनीज हलुवावेद, नास्पाती, पाउलीनिया, एभोकार्डो, रुद्राक्ष, तेजपात, अम्रिसो जस्ता जातको बिरुवाहरुको पकेट क्षेत्र बनाई अभियानकोरुपमा खेती गरी फलफुल सहितको हरीत नगर बनाउनको लागि सम्वन्धित वडा समिति र नगर कार्यपालिकाको कृषि विकास शाखाले योजनाको खाका तयार गरी आवस्यक बजेट ब्यवस्था गर्न बागमती प्रदेश भूमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा अनुरोध गर्ने।

४८. मेलम्ची नगरपालिकाबाट स्वीकृत भएको वडालाई बाँडफाँड गरिएका वडास्तरीय योजना तथा कार्यक्रमहरु मध्ये रु. ५ लाखसम्मका योजना तथा कार्यक्रमहरुलाई उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन गर्नको लागि लागत अनुमान वडावाट तयार गरी स्वीकृत गर्ने, उपभोक्ता समितिसँग सम्झौता गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने र कार्य सम्पन्न भएपछि नगर कार्यपालिकाबाट स्वीकृत चेक लिस्ट अनुसारका कागजातहरु वडा सचिव र वडा अध्यक्षबाट प्रमाणित गरी भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयमा पठाउने अधिकार वडा सचिवलाई प्रत्यायोजन गर्ने।

४९. वडा कार्यालयबाट सम्झौता गरी उपभोक्ता समिति मार्फत सञ्चालन हुने रु. ५ लाख सम्मको योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरी लागत ईस्टीमेट तथा स्वीकृत नर्म्स बमोजिम कार्य भएको अवस्थामा भुक्तानीको लागि नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गरी पठाउन देहाय बमोजिमको अनुगमन तथा मुल्याङ्कन समिति गठन गर्ने।

अनुगमन समिति

वडा अध्यक्ष	– संयोजक
कम्तिमा २ जना वडा सदस्य	– सदस्य
वडामा कार्यरत सव–ईन्जिनियर/असिस्टेन्ट सव–ईन्जिनियर वा नगरपालिकाले तोकेको प्राविधक	– सदस्य
वडा सचिव	– सदस्य सचिव

(यस्तो अनुगमन समितिले योजना अनुगमन तथा मुल्याङ्कन गरी भुक्तानीको लागि कम्तिमा वडा अध्यक्ष सहित दुइ जना जनप्रतिनिधि सहित बहुमत सदस्यले निर्णय गरेको हुनुपर्नेछ)

५०. मेलम्ची नगरपालिकाको नगर तथा वडास्तरबाट र नगरपालिकाले विनियोजन गरेको बजेटबाट योजना तथा कार्यक्रम सञ्चालन गर्ने संघ, संस्था, उपभोक्ता समिति, क्लवहरुले नगरपालिकासँग संझौता गरी कार्यक्रम संचालन गर्दा खाना, खाजा, स्टेशनरी, होटलवास, प्रशिक्षक भत्ता, सहयोगी भत्ता, यातयात खर्च, हल भाडा लगायत विविध खर्च र सो कार्यक्रमसँग सम्वन्धित सम्पूर्ण शीर्षकगत खर्चहरु नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरेको नर्म्स बमोजिमको हुनेगरी योजना तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने। नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृतले र आर्थिक प्रशासन शाखा प्रमुखबाट कार्यक्रम स्वीकृत गराई मात्र संचालन गर्नुपर्ने। नियमानुसार पाउने भन्दा बढी रकम पेश भएमा बढी रकम भुक्तानी नगर्ने। योजना तथा कार्यक्रमको प्रस्ताव पेश गरी स्वीकृत भएअनुसार कार्यक्रम सञ्चालन गरी भुक्तानीको लागि पेश गर्नु पर्ने।

५१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा ब्यवस्था भए बमोजिम यस नगरपालिका क्षेत्र भित्रको आ.व. ०७७/७८ मा निर्माण कार्य तथा अन्य सेवा प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको न्युनतम दररेट निर्माण गर्नुपर्ने हुँदा यस नगरपालिकाले जिल्ला दररेट वा सदरमुकाममा रहेको संघ वा प्रदेश सरकारको कार्यालयहरुले निर्धारण गरेको दररेट दररेटलाई आधार लिई आ.व.२०७७/७८ को नगर दररेट तयार गरी स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकालाइ दिने।

५२. यस नगरपालिकामा निजी आवास पुनः निर्माण अन्तिम चरणमा पुगेको अवस्था भएतापनि केही गरीव तथा असहायहरुले आर्थिक अवस्था कमजोर भएको कारणबाट निजी आवास पुनः निर्माणको दोस्रो र तेस्रो किस्ता लिन नसकेकाे अवस्था रहेको हुँदा नगरपालिकाले पुनःनिर्माण कोष स्थापना मार्फत कार्यविधि स्वीकृत गरी गरिव तथा असहायहरुलाई घुम्ती कोषको अवधारणाबाट आर्थिक सहयोग उपलब्ध गराइ यस नगरपालिकाका सम्पूर्ण लाभग्राहीहरुलाई निजी आवास निर्माण गर्न सहयोग गर्ने र निजी आवास पुनः निर्माण कार्यलाई शत प्रतिशत सम्पन्न गर्ने।

५३. यस नगरपालिकामा महामारीको रुपमा कुनै रोग फैलिएको अवस्थामा तत्काल नियन्त्रण गर्नको लागि साधन स्रोतको आवश्यकता पर्ने हुँदा नगरपालिकामा स्वास्थ्य उपचार कोष स्थापना गरी सालबसाली बजेट व्यवस्था गर्दै जाने र महामारी फैलिएको अवस्थामा तत्काल नियन्त्रणका उपायहरु अपनाउने, साथै आर्थिक वर्ष २०७७।७८ मा कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषमा रहेको रकमलाई सो प्रयोजनको लागि प्रयोग गर्ने।

५४. नगर सभाले स्वीकृत गरेको आ.व.२०७७/०७८ शिर्षकगत कार्यक्रममा योजना तथा कार्यक्रमहरुको वजेट वाडंफाड गरी कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने अधिकार नगर सभाले नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

५५. मेलम्ची तथा इन्द्रावती नदी क्षेत्रबाट ढुङा, गिट्टी, बालुवा बिक्री मार्फत आन्तरिक आय संकलन गर्न चालु आर्थिक वर्षमा सम्झौता गरेको कम्पनी तिनपिप्ले निर्माण सेवाले मिति २०७६/१२/११ देखि नेपाल सरकारबाट कोभिड-१९ संक्रमण रोकथामको लागि गरेको लकडाउनको कारण देखाइ राजश्व संकलन गर्न नसक्ने भनी नगरपालिकामा निवेदन गरेको सम्वन्धमा मिति २०७७/०३/०५ को नगर कार्यपालिकाको निर्णयबाट उक्त आय संकलन ठेक्काको स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यदल गठन गरिएकोमा उक्त कार्यदलले आवश्यक पेश गरेको प्रतिवेदन बमोजिम सम्झौता अनुसार लकडाउन अवधिभर (२०७६।१२।११ देखि २०७७।२।३२ सम्म ८३ दिन) संकलन हुनुपर्ने औसत दैनिक रु. ६,७८,८४३।२२ का दरले जम्मा ८३ दिनको जम्मा रकम रु. ५,६३,४३,९८७।२६ (पाँच करोड त्रिसठी लाख त्रिचालिस हजार नौ सय सतासी रुपैयाँ पैसा छब्बिस मात्र) बाट तिनपिप्ले निर्माण सेवाले माथि उल्लेखित लकडाउन अवधिभर संकलन गरेको मू.अ.कर बाहेकको रकम रु. २,०१,८५,८४१।– (अक्षरुपी दुई करोड एक लाख पचासी हजार आठ सय एकचालिस रुपैयाँ मात्र) घटाउँदा हुन आउँने छुटयोग्य रकम रु. ३,६१,५८,१४६।२६ मा उक्त निर्माण सेवाको प्रशासनिक कार्यमा खर्च भएको रकम बापत लकडाउन अवधिमा संकलन भएको रकमको १०% ले हुने रकम रु. २०,१८,५८४।– (अक्षरुपी बिस लाख अठार हजार पाँच सय चौरासी रुपैयाँ मात्र) समेत गरी जम्मा रु. ३,८१,७६,७३०।२६ (अक्षरुपी तिन करोड एकासी लाख छयहत्तर हजार सात सय तिस रुपैयाँ पैसा छब्बिस मात्र) मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा १६ तथा मेलम्ची नगरपालिकाको आन्तरिक

आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ७ को उपदफा (५) बमोजिम छुट दिने निर्णय गर्ने।

५६. संलग्न अनूसुची आर्थिक वर्ष २०७६/०७७ को लेखा समिति तथा न्यायिक समितिबाट प्रस्तुत प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यन्वयनको लागि आवश्यक व्यवस्था मिलाउन नगर कार्यपालिकालाइ निर्देशन दिने।

५७. सार्वजनिक महत्वको प्रस्ताबको रुपमा आएको इन्द्रावती नदिले गरेको कटान रोकथामको लागि आवश्यक बजेट व्यवस्थाको लागि सम्बन्धित निकायमा पठाउने तथा वर्षा याममा बाढी पहिरोले सडकहरुमा हुने क्षती न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउन नगर कार्यपालिकालाई निर्देशन दिने।

५८. मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा वडा समितिको बैठक महिनामा जतिपटक बसे पनि कार्यपालिकाको बैठक बापत १ बैठकको र वडा समितिको बैठक बापत बढीमा २ वटा बैठकको मात्र भत्ता उपलब्ध गराउने।

५९. मेलम्ची नगरपालिकाको आ.व. २०७७/७८ को वार्षिक नगर विकास नीति, योजना, कार्यक्रम तथा नगर सभाको निर्णयहरु संलग्न गरी वार्षिक नगर विकास योजना पुस्तक प्रकाशन गर्ने र प्रकाशित पुस्तकमा विवरण फरक परी द्धिविधा उत्पन्न भएमा नगर सभाको सक्कल निर्णय प्रतिलाई नै आधार मानि योजना तथा कार्यक्रम संचालन गर्ने।

६०. मुलुकमा लोकतन्त्र/प्रजातन्त्र प्राप्तीको लागि प्राण उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्ने तथा यस वर्ष कोभिड –१९ तथा विविध कारण र अबस्थाबाट निधन भएका व्यक्तिहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारको सदस्य गुमाएका नागरिकहरुमा हार्दिक समवेदना प्रकट गर्ने।

६१. मेलम्ची नगरपालिकाको आ.ब. २०७७/७८ को बार्षिक योजना छनौट, निर्माण, प्राथमिकीकरण गरी बजेट बाँडफाँड गर्न सहयोग पुर्याउने यस नगरपालिका क्षेत्रका प्रतिनिधी सभाका माननीय सदस्यहरु, प्रदेश सभाका माननीय सदस्यहरु, राजनैतिक दलका प्रतिनिधिहरु, आम नगरबासीहरु, सम्बद्ध सबै पक्षहरु, नगरका सम्पूर्ण कर्मचारीहरु साथै विद्यालय परिवार लगायत सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्ने।

मेलम्ची नगरपालिकाको विनियोजन ऐन, २०७७

मेलम्ची नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

नगर सभाबाट पारित मिति : २०७७, असार ९ गते

प्रस्तावना : मेलम्ची नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम मेलम्ची नगरसभाले यो विधेयक बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मेलम्ची नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७७।७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७७।७८ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,२१,३७,८४,८६०।- (अक्षेरुपी एक अर्ब एक्काई करोड सैतीस लाख चौरासी हजार आठ सय साठ्ठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन: (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।७८ को निमित्त मेलम्ची नगरपालिकाको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा कार्यपालिकाबाट निर्णय गरि नगरसभाबाट अनुमोदन गर्नेगरी कार्य गरिनेछ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

क्र.सं.	अनुदान संख्या	शीर्षकको नाम	चालु खर्च	पँजीगत खर्च	वित्तिय व्यवस्था	जम्मा
१	२	३	४	५	६	७
१		नगरकार्यपालिका	७०९६०५।०००	४४९४९९।८६०	-	११५९१०४।८६०
२		वडा समिति	४६८०।०००	५००००।०००	-	५४६८०।०००
३		ऋणको साँवा ब्याज भुक्तानी	-	-	-	-
४		लगानी (शेयर/ऋण)	-	-	-	-
		जम्मा	७१४२८५।०००	४९९४९९।८६०	-	१२१३७८४।८६०

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

अनुसूची १

आय तथा व्ययको प्रक्षेपण

आ.व. : २०७७/७८

रु. हजारमा

शीर्षक	आ.व. २०७५/७६ को यथार्थ	आ.व. २०७६/७७ को संशोधित अनुमान	आ.व. २०७७/७८ को अनुमान
राजस्व		२,८२,३४१	१२,१३,७८४
आन्तरिक श्रोत		६१,५६०	२,९१,०६६
११३१३ एकीकृत सम्पती कर		५५०	६०५
११३१४ भुमिकर/मालपोत		१,६५०	१,८१५
११३२१ घरवहाल कर		१,४५०	१,५९५
११३२२ वहाल विटौरी कर		३,०००	३,३००
११४७९ अन्य मनोरञ्जन कर			५०
१४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम			२,००,०२५
१४२४३ सिफारिश दस्तुर			४,०००
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर			२,७५०
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर			४,४००
१४३११ न्यायिक दण्ड, जरिवाना र जफत		१००	१००
१४४११ चालु हस्तान्तरण			३०५
१४५२९ अन्य राजस्व		११०	१२१
१४६११ व्यवसाय कर		२,२००	१०,०००
राजस्व बाँडफाँडबाट प्राप्त रकम		३९,६००	१,४८,२९५
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार]			१,००,७२८
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार]		३९,६००	४३,५६७
१४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी [राजस्व बाँडफाँड - संघीय सरकार]			४,०००
अन्तर सरकारी वित्तीय हस्तान्तरण		१,७६,९६७	७,७१,४२३
संघीय सरकार		१,३०,५००	६,९९,५००
१३३११ समानिकरण अनुदान			१,९४,५००
१३३१२ शसर्त अनुदान चालु			३,३९,०००
१३३१४ विषेश अनुदान चालु			१६,०००
१३३१८ अन्य अनुदान चालु		१,३०,५००	१,५०,०००
प्रदेश सरकार		४६,४६७	७१,९२३
१३३११ समानिकरण अनुदान		१०,६१४	१०,५४७
१३३१२ शसर्त अनुदान चालु		१५,८५४	२७,९०५
१३३१४ विषेश अनुदान चालु			३,५००
१३३१६ समपुरक अनुदान चालु		१९,९९९	२९,९७१

वित्तीय व्यवस्था (प्राप्ति)			०
अन्य आय			
जनसहभागिता		४,२१४	३,०००
१३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान		४,२१४	३,०००
व्यय			१२,१३,७८४
चालु खर्च			७,५०,६६०
२१११११ पारिश्रमिक कर्मचारी			३,०६,८२८
२१११२ पारिश्रमिक पदाधिकारी			१६,३७०
२११२१ पोशाक			३,०२०
२११२२ खाद्यान्न			१४,१३९
२११३१ स्थानीय भत्ता			१,३५१
२११३२ महंगी भत्ता			२,५००
२११३३ फिल्ड भत्ता			२,५००
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार			२,३४०
२११३९ अन्य भत्ता			४,०५१
२११४२ पदाधिकारीअन्य सुबिधा			१,०००
२१२१४ कर्मचारी कल्याण कोष			१,०००
२२१११ पानी तथा बिजुली			४००
२२११२ संचार महसुल			४,२५४
२२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च			१,५००
२२२१२ इन्धन (कार्यालय प्रयोजन)			१,९१५
२२२१३ सवारी साधन मर्मत खर्च			२,६००
२२२१४ बिमा तथा नवीकरण खर्च			१,०००
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च			५००
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च			४००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री			७,५०४
२२३१३ पुस्तक तथा सामग्री खर्च			५,८२९
२२३१४ इन्धन - अन्य प्रयोजन			३००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च			३,१४७
२२३१९ अन्य कार्यालय संचालन खर्च			१२,६०९
२२४११ सेवा र परामर्श खर्च			१,८८८
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च			२,७९५
२२५११ कर्मचारी तालिम खर्च			१,००७
खर्च			५,९३१
२२५२२ कार्यक्रम खर्च			२४,३२५
२२५२९ विविध कार्यक्रम खर्च			११,५४१
२२६११ अनुगमन, मूल्यांकन खर्च			६०४
२२६१२ भ्रमण खर्च			२,६४५
२२६१९ अन्य भ्रमण खर्च			१,३५१
२२७११ विविध खर्च			९,६५०
२५१११ गैर वित्तीय संस्थानहरूलाई चालु सहायता			१४१
२५१२१ वित्तीय संस्थानहरूलाई चालु सहायता			१७०

२५२११ गैर वित्तीय व्यवसायहरूलाई चालु सहायता			५००
२५२१२ गैर वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता			३,३९३
२५२२१ वित्तीय व्यवसायहरूलाई चालु सहायता			२,९००
२५३११ शैक्षिक संस्थाहरूलाई सहायता			२०,६१७
२५३१२ स्वास्थ संस्थाहरूलाई सहायता			५,३७६
२५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता			३,३००
२५३१५ अन्य सस्था सहायता			१७०
२६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान			५,०००
२७१११ सामाजिक सुरक्षा			१,५०,०००
२७११२ अन्य सामाजिक सुरक्षा			१,७६६
२७२११ छात्रवृत्ति			२,६३१
२७२१३ औषधीखरिद खर्च			१२,४८३
२८१४२ घरभाडा			२,१८०
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा			१२०
२८१४९ अन्य भाडा			१,०६०
२८२११ राजस्व फिर्ता			८०,०५८
पुँजीगत खर्च			४,६३,१२४
३१११९ आवासीय भवन निर्माण/खरिद			६००
३१११२ गैर आवासीय भवन निर्माण/खरिद			४९,८८६
३११२१ सवारी साधन			४,०००
३११२२ मेशिनरी तथा औजार			१,२९०
३११२३ फर्निचर तथा फिक्चर्स			६३३
३११३१ पशुधन तथा बागवानी विकास खर्च			१५,९२५
३११३५ पूँजीगत परामर्श खर्च			३२२
३११५१ सडक तथा पूल निर्माण			१,०७,१९१
३११५३ विद्युत संरचना निर्माण			३००
३११५५ सिंचाई संरचना निर्माण			९,३०५
३११५६ खानेपानी संरचना निर्माण			१५,९५०
३११५८ सरसफाई संरचना निर्माण			७५०
३११५९ अन्य सार्वजनिक निर्माण			२,४५,४७२
३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श			११,०००
३१५११ भैपरी आउने पूँजीगत			५००
बजेट बचत (+)/न्यून (-)		२,८२,३४१	
गत वर्षको नगद मौज्दात			

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

अनुसूची २

राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व. : २०७६/७७ रकम रू. हजारमा

शीर्षक	आ.व. २०७४/७५ को यथार्थ	आ.व. २०७५/७६ को संशोधित अनुमान	आ.व. २०७६/७७ को अनुमान
आय	३२२३५३.३४८	७९१९७०.५४३	१३४५१७४.८७५
राजस्व	७०२४८.३४६	४४८४४६.५४३	६०३१२६.६८२
आन्तरिक श्रोत	७०२४८.३४२	३८५४४६.५४३	४५३९२०.६८२
एकीकृत सम्पती कर	०.००१	५००	५५०
भुमिकर/मालपोत	१८७२.२	१५००	१६५०
घरवहाल कर	२२.३४९	२००	४५०
वहाल विटौरी कर	०.००१	५००	३०००
सवारी साधन कर (साना सवारी)	०	०	८८२३०.६८२
अन्य स्रोतबाट प्राप्त रोयल्टी	०.००१	०	४०५००
अन्य प्रशासनिक सेवा शुल्क	२६३७.६६९	४२८५०	४०००
अन्य दस्तुर	३५३७.५५९	२५००	२७५०
जलस्रोत सम्बन्धी अन्य दस्तुर	१५०	२८९८२३	२४८४००
अन्य क्षेत्रको आय	६०२८.६५४	८६००	९४६०
न्यायिक दण्ड, जरिवाना र जफत	०.००१	५००	१००
सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम	०	०	९००
व्यवसाय कर	९५८.६५	१३००	१४३०
बैंक मौज्दात	५५०४१.२५७	३७१७३.५४३	५२५००
राजस्व बाँडफाँडबाट प्राप्त रकम	०.००४	६३०००	१४९२०६
घरजग्गा रजिष्टेशन दस्तुर [राजस्व बाँडफाँड - प्रदेश सरकार]	०.००१	०	१८०००
बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार]	०.००१	५००००	६००००
बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क [राजस्व बाँडफाँड - संघीय सरकार]	०.००१	१३०००	४९६००
बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार]	०.००१	०	२१६०६
अन्य आय	०	०	०

अन्तर सरकारी वित्तीय हस्तान्तरण	२५२१०५.००२	३४३५२४	७३७७६२.४७९
संघीय सरकार	२५२१०५	२९६२५५	६६२६५५
अन्य अनुदान चालु	२५२१०५	२९६२५५	१३५०००
विषेश अनुदान पुँजीगत	०	०	१००००
शसर्त अनुदान चालु	०	०	२८३५९५
शसर्त अनुदान पुँजीगत	०	०	२१९६०
समपुरक अनुदान पुँजीगत	०	०	१२७००
समानिकरण अनुदान	०	०	१९९४००
प्रदेश सरकार	०.००२	४७२६९	७५१०७.४७९
शसर्त अनुदान चालु	०	०	१५८५४
शसर्त अनुदान पुँजीगत	०.००१	३८६७०	२८०००
समपुरक अनुदान चालु	०	०	६४०
समपुरक अनुदान पुँजीगत	०	०	१९९९९.४७९
समानिकरण अनुदान	०.००१	८५९९	१०६१४
बैदेशिक	०	०	०
जनसहभागिता	०	०	४२८५.७१४
नगद	०	०	४२८५.७१४

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

अनुसूची ३

व्यय अनुमान

आ.व. : २०७७/७८

रु. हजारमा

सि.नं.	संकेत / शीर्षक	आ.व. २०७५/७६ को यथार्थ	आ.व. २०७६/७७को संशोधित अनुमान	आ.व. २०७७/७८को अनुमान	स्रोत						
					आन्तरिक श्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण			ऋण	जनसहभागिता	वैदेशिक
						नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह			
चालु खर्च				७५०६६०.४	१५६२७२.४	५८७४८३	६१०५	०	०	०	०
१	२११११०/नगदमा दिइने पारिश्रमिक र सुविधा			३२३१९८	८४८९	३१३१४४	१५६५	०	०	०	०
२	२११२०/जिन्सी वा जिन्सी वापत कर्मचारीलाई दिइने पारिश्रमिक सुविधा			१७१५९	५००	१६६५९	०	०	०	०	०
३	२११३०/कर्मचारी भत्ता			१२७४२.८	४०५१.८	८६९१	०	०	०	०	०
४	२११४०/पदाधिकारी भत्ता तथा अन्य सुविधा			१०००	०	१०००	०	०	०	०	०
५	२११११०/कर्मचारीको सामाजिक सुरक्षा खर्च			१०००	०	१०००	०	०	०	०	०
६	२२११०/सेवा महसुल			६१५४	०	५९०७	२४७	०	०	०	०
७	२२२१०/सवारी साधनको संचालन तथा सम्भार खर्च			५५१५	०	५५१५	०	०	०	०	०
८	२२२२०/मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च			५००	०	५००	०	०	०	०	०
९	२२२३०/निर्मित सार्वजनिक सम्पत्तिको संभार खर्च			४००	०	४००	०	०	०	०	०
१०	२२३१०/कार्यालय सामान तथा सेवाहरू			२९३८९	३२२०	२६९६९	०	०	०	०	०
११	२२४१०/पशुपंक्षी तथा अन्य सेवा शुल्क			४६८३	६५०	४०३३	०	०	०	०	०
१२	२२५१०/तालिम तथा गोष्ठी			६९३८	४३५५	२०७६	५०७	०	०	०	०
१३	२२५२०/उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च			३५८६६	१८८१५	१६५५१	६००	०	०	०	०

१४	२२६१०/अनुगमन, मूल्यांकन र भ्रमण खर्च			४६००	७०१	३८१९	०	०	०	०	०	०
१५	२२७१०/विविध खर्च			९६५०	६३६५	३२८५	०	०	०	०	०	०
१६	२५११०/गैर वित्तीय संस्थानहरूलाई सहायता			१४१	१४१	०	०	०	०	०	०	०
१७	२५१२०/वित्तीय संस्थानहरूलाई सहायता			१७०	१७०	०	०	०	०	०	०	०
१८	२५२१०/गैर वित्तीय व्यवसायहरूलाई सहायता			३८९३	३७९३	१००	०	०	०	०	०	०
१९	२५२२०/वित्तीय व्यवसायहरूलाई सहायता			२९००	२९००	०	०	०	०	०	०	०
२०	२५३१०/अन्य सामाजिक संस्थालाई सहायता			२९४६३	४९७०	२०९०३	३५९०	०	०	०	०	०
२१	२६४२०/पुँजीगत अनुदान			५०००	५०००	०	०	०	०	०	०	०
२२	२७११०/सामाजिक सुरक्षा			११५७६६	१३७०	१५००००	३९६	०	०	०	०	०
२३	२७२१०/सामाजिक सहायता			१५११४.२	१०३८३.२	४७३१	०	०	०	०	०	०
२४	२८१४०/भाडा			३३६०	३६०	३०२०	०	०	०	०	०	०
२५	२८२१०/फिर्ता खर्च			८००५८.४	०	०	०	०	०	०	०	०
पुँजीगत खर्च				४६३१२४.४६	२८३०८९.४६	११२०१७	६५०१८	०	०	०	०	०
१	३१११० / भवन तथा संरचना			५०४८६	२५०००	२०४८६	५०००	०	०	०	०	०
२	३११२० / सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स			५९२३	१०९१	४८३२	०	०	०	०	०	०
३	३११३० / अन्य पुँजीगत खर्च			१६२४७	६०००	१०२४७	०	०	०	०	०	०
४	३११५० / सार्वजनिक निर्माण			३७८९६८.४६	२४०९९८.४६	७४९५२	६००१८	०	०	०	०	०
५	३११७० / पुँजीगत सुधार खर्च			११०००	१००००	१०००	०	०	०	०	०	०
६	३१५१० / भैपरी आउने पुँजीगत			५००	०	५००	०	०	०	०	०	०
वित्तीय				०	०	०	०	०	०	०	०	०
कुल जम्मा				१२१३७८.८६	४१३६१.८६	६९९५००	७१९३३	०	०	०	०	०

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

अनुसूची ४

वित्तीय व्यवस्था अनुमान

आ.व. : २०७७/७८

रकम रू. हजारमा

शीर्षक	आ.व. २०७५/७६ को यथार्थ	आ.व. २०७६/७७ को संशोधित अनुमान	आ.व. २०७७/७८ को अनुमान
वित्तीय व्यवस्था:			
खुद ऋण लगानी	0.00	0.00	0.00
ऋण लगानी (-)	0.00	0.00	0.00
ऋण लगानीको साँवाँ फिर्ता प्राप्ती (+)	0.00	0.00	0.00
खुद शेयर लगानी	0.00	0.00	0.00
शेयर लगानी (-)	0.00	0.00	0.00
शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+)	0.00	0.00	0.00
खुद ऋण प्राप्ती	0.00	0.00	0.00
ऋणको साँवा भुक्तानी (-)	0.00	0.00	0.00
ऋण प्राप्ती (+)	0.00	0.00	0.00

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

अनुसूची ५

क्षेत्रगत व्यय अनुमान

आ.व. : २०७७/७८

रु. हजारमा

सि.नं.	संकेत	शीर्षक	आ.व. २०७५/७६को यथार्थ	आ.व. २०७६/७७को संशोधित अनुमान	आ.व. २०७७/७८को अनुमान	स्रोत						
						आन्तरिक श्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण			ऋण	जनसहभागिता	बैदेशिक
							नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह			
१	१	कार्यालय सञ्चालन तथा प्रशासनिक			१२००५५	३०५	११९७५०	०	०	०	०	०
२	१०१	कार्यालय सञ्चालन तथा प्रशासनिक			१२००५५	३०५	११९७५०	०	०	०	०	०
३	२	आर्थिक विकास			१३६५८५.४	११२५५८.४	१८०२७	६०००	०	०	०	०
४	२०१	कृषि			४५२२२	३२०००	११७२२	१५००	०	०	०	०
५	२०२	उद्योग			४३५०	०	४३५०	०	०	०	०	०
६	२०४	सहकारी			५००	५००	०	०	०	०	०	०
७	२०६	जलश्रोत तथा सिचाई			८६४६५	८००१०	१९५५	४५००	०	०	०	०
८	२१०	वाणिज्य			४८.४	४८.४	०	०	०	०	०	०
९	३	पूर्वाधार विकास			३३६६०३.४६	२३११४५.४६	५११८७	५१२७१	०	०	३०००	०
१०	३०१	यातायात पूर्वाधार			२६७७४१.४६	१९६१४५.४६	२५३२५	४३२७१	०	०	३०००	०
११	३०२	भवन, आवास तथा सहरी विकास			६६३६२	३५०००	२३३६२	८०००	०	०	०	०
१२	३०३	उर्जा			५००	०	५००	०	०	०	०	०
१३	३०५	विज्ञान तथा प्रविधि			२०००	०	२०००	०	०	०	०	०
१४	४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र			४७६८	०	४७६८	०	०	०	०	०
१५	४०६	शान्ति तथा सुव्यवस्था			३९६	०	३९६	०	०	०	०	०
१६	४१४	तथ्याक प्रणाली			४३७२	०	४३७२	०	०	०	०	०

१७	७	सामाजिक विकास			६१५७७३	१५३५३	५०५७६८	१४६५२	०	०	०	०
१८	७०२	सामाजिक सुरक्षा तथा संरक्षण			१५२९९६	१५००	१५००००	९९६	०	०	०	०
१९	७०३	युवा तथा खेलकुद			६८०४	०	६८०४	०	०	०	०	०
२०	७०४	खानेपानी तथा सरसफाई			१२४००	०	१२४००	०	०	०	०	०
२१	७०५	भाषा तथा संस्कृति			८००	०	८००	०	०	०	०	०
२२	७०६	शिक्षा			२७०४४७	१७५००	२५०१००	२८४७	०	०	०	०
२३	७०७	स्वास्थ्य			१४८८९८	६७८५३	७०२३६	१०८०९	०	०	०	०
२४	७०८	लैंगिक समानता तथा सामाजिक समावेशीकरण			२३९२८	८५००	१५४२८	०	०	०	०	०
कुल जम्मा					१२१३७८.८६	४३९३६१.८६	६९९५००	७९९२३	०	०	३०००	०

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
श्रोतगत बजेट विनियोजन

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं.१ (८०३२७४०२२०१) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

रु. हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	"आमनो गाउं आफै बनाऔं" विशेष कार्यक्रम	मेलम्ची-१	अन्य	३२१५९	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	संख्या	१	०	०	१,०२८	१,०२८	
२	भोटेचौर खानेपानी मर्मत संभार योजना		अन्य	३२१५९	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	३००	३००	
३	भोटेचौर शिक्षा विकास कार्यक्रम		अन्य	३२१५६	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	२००	२००	
४	भोटेचौर सडक स्तरोन्नती योजना		अन्य	३२११२	यातायात पूर्वाधार	संख्या	१	०	०	१५००	१५००	
५	भोटेचौर स्वास्थ्य तथा सरसफाई कार्यक्रम		अन्य	२२५२२	स्वास्थ्य	संख्या	१	०	०	२००	२००	
६	भोटेचौर सिंचाई योजना (साइदारी)		अन्य	३२१५५	यातायात पूर्वाधार	संख्या	१	०	०	५००	५००	
							कुल जम्मा	०	०	३७२८	३७२८	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं.२ (८०३२७४०२२०१) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	अर्चले कुलो निर्माण	मेलम्ची-२	अन्य	३२१५५	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	१५०	१५०	
२	ओखरीचौर सिमानटोल बाटो निर्माण		अन्य	३२१५९	यातायात पूर्वाधार	संख्या	१	०	०	२००	२००	
३	काग्राकोबाट सामुदायिक भवन निर्माण		अन्य	३२११२	यातायात पूर्वाधार	संख्या	१	०	०	४००	४००	
४	कोरोना सक्रमण रोकथाम नियन्त्रण तथा विपद् व्यवस्थापन		अन्य	३२१५९	स्वास्थ्य	संख्या	१	०	०	३०२	३०२	
५	जालपादेवी मा वि पहिलो निर्माण		अन्य	३२१५९	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	२००	२००	
६	तिनुगाउं मुल कुलो निर्माण		अन्य	३२१५५	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	२००	२००	
७	तिनुगाउं सुफलछाप मोटरबाटो निर्माण		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	३००	३००	
८	पुछारटोल हुदै स्थाङ्तनटोल मोटरबाटो निर्माण		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	२००	२००	
९	पर्यटकहाँद मोटरबाटो निर्माण		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	१००	१००	
१०	बेंशी मोटर बाटो निर्माण		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	५५०	५५०	
११	भङेखोला निवुगाउं खानेपानी निर्माण		अन्य	३२१५६	खानेपानी तथा सरसफाई	संख्या	१	०	२००	०	२००	
१२	महिला, जनजाती, अपाङ्गता, दलित उत्थान कार्यक्रम		अन्य	२२५२२	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	संख्या	१	०	०	१००	१००	
१३	माझटोल खानेपानी निर्माण		अन्य	३२१५६	खानेपानी तथा सरसफाई	संख्या	१	०	०	१००	१००	
१४	वडा स्तरीय तथ्याङ्क संकलन तथा व्यवस्थापन		अन्य	२२५२२	तथ्यांक प्रणाली	संख्या	१	०	०	१००	१००	
१५	शिक्षा समन्वित व्यवस्थापन		अन्य	३२१५९	शिक्षा	संख्या	१	०	०	१००	१००	
१६	स्वास्थ्य कार्यालय व्यवस्थापन		अन्य	३२१२३	स्वास्थ्य	संख्या	१	०	०	१००	१००	
							कुल जम्मा	०	२००	३१०२	३३०२	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं. ३ (८०३२७४०२२०३) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष्य	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	कृषि तथा पशुपालन प्रवर्द्धन ए.आइ.एस एक्टिभ्टर्स फर्म	मेलम्ची-३	अन्य	३२१३५	कृषि	संख्या	१	०	०	३२२	३२२	
२	काउले बेभान डाँडाथोक वडा कार्यालय मोटरबाटो मर्मत		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	४००	४००	
३	कोरोना तथा अन्य भेपरी		अन्य	३२१५९	स्वास्थ्य	संख्या	१	०	०	५००	५००	
४	ग्रामिण सडक सरसफाई		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	५००	५००	
५	बोन्नाड भिसापानी पर्यटकीय पैदल मार्ग		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	५००	५००	
६	सडक सौर्य बत्ती जडान		अन्य	३२१५९	उर्जा	संख्या	१	०	०	५००	५००	
७	साखिखोला हेलुङ पाखिन्याड मोटरबाटो		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	१०००	१०००	
							कुल जम्मा	०	०	३७२२	३७२२	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं.४ (८०३२७४०२२०४) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष्य	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	कोरोना महामारी रोकथाम तथा विपद् व्यवस्थापन	मेलम्ची-४	अन्य	३२१५९	स्वास्थ्य	संख्या	१	०	०	१२००	१२००	
२	ग्रामिण सडक मर्मत तथा मपा मार्फत वडा नं १ देखी ९ सम्म		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	१२००	०	१२००	
३	च्याङ्कलाघर खेलकुद मैदान निर्माण		अन्य	३२१५९	युवा तथा खेलकुद	संख्या	१	०	०	२७२	२७२	
४	पाल्चेन सामुदायिक भवनलाइ (अस्वास्थ्य चौकी) क्वारेन्टाइन बनाउने		अन्य	३२५११	स्वास्थ्य	संख्या	१	०	०	५००	५००	
५	मख्वा फाँट कृषि सिंचाइ		अन्य	३२१५५	जलश्रोत तथा सिंचाई	संख्या	१	०	०	१५०	१५०	
६	सिप्पु सुरुङ- भैहीटोल डाँडा कटेरी बुहीचौर पाल्चेन सडक स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	५००	५००	
							कुल जम्मा	०	१२००	२६२२	३८२२	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं.५ (८०३२७४०२२०५) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष्य	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	अधेरीखोला मानेकडाँडा स्याले पिपलबोट सिंचाई	मेलम्ची-५	अन्य	३२१५५	जलश्रोत तथा सिंचाई	संख्या	१	०	०	२००	२००	
२	कुँडारा गैरी सालबोट खहरे सडक स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	३००	३००	
३	कोटदेवी मन्दिर निर्माण (क्रमागत)		अन्य	३२१९२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	५००	५००	
४	कोरोना भाईरस (कोभिड-१९) रोकथाम तथा उपचार		अन्य	३२१५८	स्वास्थ्य	संख्या	१	०	०	५००	५००	
५	खर्कबोट जेष्ठ नागरिक दिवा सेवा मेन्ही भवन		अन्य	३२१९२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	५००	५००	
६	ज्वालाकुवु छ्योलेन (विश्व शान्ति स्तुप) छ्योलेन पर्साङाड निर्माण		अन्य	३२१९२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	५००	५००	
७	दियालोखोला मझा डिल गोरखालडा सिंचाई		अन्य	३२१५५	जलश्रोत तथा सिंचाई	संख्या	१	०	०	२००	२००	
८	भदौरे खहरे खोला सिंचाई		अन्य	३२१५५	जलश्रोत तथा सिंचाई	संख्या	१	०	०	२००	२००	
९	मझखोला मैगबारी सिंचाइ योजना		अन्य	३२१५५	जलश्रोत तथा सिंचाई	संख्या	१	०	०	१०५	१०५	
१०	वडा कार्यालय र वडाभित्रका सम्पूर्ण सडक मर्मत योजना		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	५००	५००	
११	सेती देवी मन्दिर निर्माण (दुइफाडा)		अन्य	३२१५९	भाषा तथा संस्कृति	संख्या	१	०	०	१००	१००	
							कुल जम्मा	०	०	३६०५	३६०५	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं.६ (८०३२७४०२२०६) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलपको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	एकिकृत बस्ती उपल्लो गाउँ सामुदायिक भवन मर्मत (अधुरो योजना)	मेलम्ची-६	अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	२००	२००	
२	कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण		अन्य	३२११९	स्वास्थ्य	संख्या	१	०	०	३३४	३३४	
३	कोतेचौर मन्दिर प्रशिक्षालय निर्माण		अन्य	३२१५९	भाषा तथा संस्कृति	संख्या	१	०	०	२००	२००	
४	चौपाबोट सामुदायिक भवन निर्माण		अन्य	३२१५९	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	५००	५००	
५	ताल्मामाडे कोतेचौर चौपाबोट वडा कार्यालयसम्म मोटर बाटो स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	१०००	१०००	
६	नुहर खोला चाँसिमे गाउँ मोटर बाटो स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	२००	२००	
७	बतासे डाँडाटोल गैरी टोल मोटर बाटो स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	२००	२००	
८	मझिगाउँ सामुदायिक भवन निर्माण		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	५००	५००	
९	लामाटोल भुस्याङ, ढुंगेटोल खानेपानी निर्माण		अन्य	३२११६	खानेपानी तथा सरसफाई	संख्या	१	०	०	५००	५००	
							कुल जम्मा	०	०	३६३४	३६३४	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं.७ (८०३२७४०२२०७) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलपको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	काफलगैरी भिमसेन मन्दिर पखाल निर्माण	मेलम्ची-७	अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	३००	३००	
२	कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण		अन्य	३२११२	स्वास्थ्य	संख्या	१	०	५००	०	५००	
३	गैरीचोक मन्दिर मर्मत तथा पाटी निर्माण		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	४००	४००	
४	ग्रामीण सडक मोटर बाटो स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	५५१	५५१	
५	चवानडाँडा बरको बोट खानेपानी ट्याङ्की निर्माण तथा मर्मत		अन्य	३२११६	खानेपानी तथा सरसफाई	संख्या	१	०	१५०	०	१५०	
६	छाप माने निर्माण		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	६००	६००	
७	बालुङ्गे सामुदायिक भवन निर्माण		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	६००	६००	
८	बालुवा माने निर्माण		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	३००	३००	
९	सेल्ले रामे घलेटोल मोटरबाटो स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	३५०	०	३५०	
१०	सेल्ले सिर्तिटोल खानेपानी ट्याङ्की निर्माण		अन्य	३२११६	खानेपानी तथा सरसफाई	संख्या	१	०	१००	०	१००	
११	स्वास्थ्य चौकी वडा कार्यालय मोटर बाटो थाबिन योजना		अन्य	३२१५१	यातायात पूर्वाधार	संख्या	१	०	०	२००	२००	
							कुल जम्मा	०	११००	२९५१	४०५१	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं.८ (८०३२७४०२२०८) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलपको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	कोरोना सक्रमण तथा विपद् व्यवस्थापन	मेलम्ची-८	अन्य	३२११९	स्वास्थ्य	संख्या	१	०	०	३००	३००	
२	दाउन्ने रामपुडाँडा मोटर बाटो ग्रामेल		अन्य	३२११५	यातायात पूर्वाधार	संख्या	१	०	०	२५५	२५५	
३	वडा कार्यालय पक्की भवन निर्माण		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	संख्या	१	०	०	२०००	२०००	
४	वडाका विभिन्न योजनाहरु मर्मत तथा अन्य कार्यक्रमको लागि		अन्य	३२११९	यातायात पूर्वाधार	संख्या	१	०	५००	०	५००	
५	श्री जलवाहिनी मा.वि.को लागि सहयोग		अन्य	३२११९	शिक्षा	संख्या	१	०	०	५००	५००	
							कुल जम्मा	०	५००	३५५५	३५५५	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं.९ (८०३२७४०२२०९) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	वितरोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	काँडादेवी मन्दिर निर्माण	मेलम्ची-९	अन्य	३२११२२	भाषा तथा संस्कृति	पटक	१	०	०	२००	२००	
२	कोरोना संक्रमण रोकथाम नियन्त्रण र विपद् व्यवस्थापन		दलित	३२१५९	स्वास्थ्य	पटक	१	०	०	२००	२००	
३	खड्काथोक सिंचाई योजना		अन्य	३२१५५	जलश्रोत तथा सिंचाई	पटक	१	०	०	१५०	१५०	
४	गुडा खोल्छो फड्के पुल निर्माण		अन्य	३२११२	यातायात पूर्वाधार	पटक	१	०	०	१००	१००	
५	गोल्मस्थान किन्नर पुरी माड सडक ढलान		अन्य	३२१५९	यातायात पूर्वाधार	पटक	१	०	०	१०००	१०००	
६	थापा गाउँ सिंचाई योजना		अन्य	३२१५५	जलश्रोत तथा सिंचाई	पटक	१	०	०	२५०	२५०	
७	दलित आत सुधार कार्यक्रम		दलित	३२१२२	उद्योग	पटक	१	०	०	१५०	१५०	
८	पैया मोटरबाटो मर्मत		अन्य	३२१५९	यातायात पूर्वाधार	पटक	१	०	१००	०	१००	
९	पाखिनटोल मगरगाउँ मोटरबाटो मर्मत		अन्य	३२१५९	यातायात पूर्वाधार	पटक	१	०	०	२००	२००	
१०	बडा भरको मोटरबाटो दशै आगाडी सफा गर्ने		अन्य	३२१५९	यातायात पूर्वाधार	पटक	१	०	०	७००	७००	
११	बसको बाट खानीचौर सडक सफा		अन्य	३२१५९	यातायात पूर्वाधार	पटक	१	०	०	२००	२००	
१२	भैरभटोल डाँडागाउँ मोटरबाटो निर्माण		अन्य	३२१५९	यातायात पूर्वाधार	पटक	१	०	०	१००	१००	
१३	ल्याले धुरे खानेपानी निर्माण		अन्य	३२१५६	खानेपानी तथा सरसफाई	पटक	१	०	०	३००	३००	
१४	स्वास्थ्य तथा बालबालिका		बालबालिका	३२१५९	स्वास्थ्य	पटक	१	०	०	१००	१००	
						कुल जम्मा		०	१००	३६५०	३७५०	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिकावडा नं.१० (८०३२७४०२२१०) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	वितरोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	कोरोना संक्रमण रोकथाम नियन्त्रण र विपद् व्यवस्थापन कार्यक्रम	मेलम्ची-१०	अन्य	३२१५९	स्वास्थ्य	पटक	२	०	०	६००	६००	
२	खडिका देवी मन्दिर निर्माण		अन्य	३२१२२	भाषा तथा संस्कृति	पटक	१	०	०	१५०	१५०	
३	चिसापानी खोला मुहान काफ्ले खोला फाँट सिंचाई कुलो मर्मत		अन्य	३२१५५	खानेपानी तथा सरसफाई	पटक	१	०	०	१५०	१५०	
४	चिसापानी लप्से पेट्र मुहान काफ्ले खोला फाँट सिंचाई कुलो निर्माण		अन्य	३२१५५	खानेपानी तथा सरसफाई	पटक	१	०	०	२००	२००	
५	वडा कार्यालय व्यवस्थापन		अन्य	३२१२३	कार्यालय सञ्चालन तथा प्रशासनिक	पटक	१	०	०	१५०	१५०	
६	वडा नं. १० खानेपानी मर्मत		अन्य	३२१५६	खानेपानी तथा सरसफाई	पटक	१	०	०	५००	५००	
७	वडा नं. १० मोटर बाटो मर्मत		अन्य	३२१५९	यातायात पूर्वाधार	पटक	१	०	०	१३४४	१३४४	
८	शहले बेसी बगर सिंचाइ कुलो		अन्य	३२१२१	खानेपानी तथा सरसफाई	पटक	१	०	०	२००	२००	
९	शिक्षा विकास कार्यक्रम		अन्य	३२१५९	शिक्षा	पटक	१	०	०	२००	२००	
१०	सेती देवी मन्दिर निर्माण (जुर्दी)		अन्य	३२१२२	भाषा तथा संस्कृति	पटक	१	०	०	१५०	१५०	
११	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम		अन्य	३२१५९	स्वास्थ्य	पटक	१	०	०	१००	१००	
						कुल जम्मा		०	०	३७४४	३७४४	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिका नं.११ (८०३२७७०२२११) क्षेत्र : भूधाँधार विकास बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	आफ्खर्क भोटबाटो स्तरोन्नती	मेलम्ची-११	अन्य	३२११९	यातायात पूर्वाधार	पटक	१	०	०	१५०	१५०	
२	आफ्खर्क सामुदायिक भवन (अधुरो)		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	पटक	१	०	०	१८६	१८६	
३	कटुञ्जे सिपानी कासिके पुर्खानीबारे भोट बाटो स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	पटक	१	०	०	२००	२००	
४	खानीगाउँ सामुदायिक भवन निर्माण		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	पटक	१	०	०	६००	६००	
५	छोर्तेन गुम्बा सिढी निर्माण		अन्य	३२१५१	यातायात पूर्वाधार	पटक	१	०	०	१००	१००	
६	ठाँटी भोटबाटो स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	पटक	१	०	०	२५०	२५०	
७	दुलालटोल कटुञ्जे सामुदायिक भवन (अधुरो)		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	पटक	१	०	०	३००	३००	
८	दोभानटार बाँचा सिढी निर्माण		अन्य	३२१५१	यातायात पूर्वाधार	पटक	१	०	०	२००	२००	
९	नुहाखोला मिमखेत टार सिंचाई कुलो मर्मत		अन्य	३२१५५	भवन, आवास तथा सहरी विकास	पटक	१	०	२००	०	२००	
१०	प्रतिक्षालय निर्माण		अन्य	३२११९	भवन, आवास तथा सहरी विकास	पटक	१	०	०	२००	२००	
११	विपद् व्यवस्थापन तथा सडक मर्मत संभार		अन्य	३२१५१	यातायात पूर्वाधार	पटक	१	०	०	८००	८००	
१२	मेलम्ची डडुवा सडक नाली तथा सोलिड		अन्य	३२१५१	यातायात पूर्वाधार	पटक	२	०	७५०	७५०	१५००	
१३	मेलम्ची बजार सुधार एवं ससर्सगई		अन्य	३२१५८	यातायात पूर्वाधार	पटक	१	०	०	२५०	२५०	
१४	माथिल्लो घटमासे सडक स्तरोन्नती		अन्य	३२१५१	यातायात पूर्वाधार	पटक	१	०	०	२००	२००	
						कुल जम्मा		०	९५०	४१८६	५१३६	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिका नं.१२ (८०३२७७०२२१२) क्षेत्र : भूधाँधार विकास बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	थाक्ले भगेभन्ज्याङ च्यानडाँडा भोटबाटो	मेलम्ची-१२	अन्य	३२११९	यातायात पूर्वाधार	पटक	२	०	८००	८००	१६००	
२	भन्ज्याङ खानेपानी		अन्य	३२११६	भवन, आवास तथा सहरी विकास	पटक	१	०	०	४००	४००	
३	मानेटोल सामुदायिक भवन, गिमनधेर		अन्य	३२११२	भवन, आवास तथा सहरी विकास	पटक	१	०	०	९००	९००	
४	सेराफेट सिंचाई कुलो मर्मत		अन्य	३२१५५	भवन, आवास तथा सहरी विकास	पटक	१	०	०	१५०	१५०	
५	सानो पूर्वाधार, सडक तथा खानेपानी		अन्य	३२१५९	भवन, आवास तथा सहरी विकास	पटक	१	०	०	११७६	११७६	
						कुल जम्मा		०	८००	३४२६	४२२६	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिका नं.१३ (८०३२७७०२२१३) बजेटको स्रोत/तह : नेपाल सरकार-समानीकरण अनुदान

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	ठाँटी तिनघरेटोल कलेजे कृषि सडक	मेलम्ची-१३	अन्य	३२१५१	यातायात पूर्वाधार	पटक	१	०	०	७२५	७२५	
२	पञ्चमुखी महादेव मन्दिर, ठाँटी पैंरोचौरी सडक		अन्य	३२१५९	यातायात पूर्वाधार	पटक	२	०	७५०	७५०	१५००	
३	वडा नं. १३ भित्रका सडक संरक्षण तथा कोरोना संक्रमण र विपद् व्यवस्थापन		अन्य	३२११२	स्वास्थ्य	पटक	२	०	७५०	७५०	१५००	
						कुल जम्मा		०	१५००	२२२५	३७२५	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिका - शिक्षा (८०३२७४०२३०१) उप क्षेत्र :शिक्षा बजेटको स्रोत/तह : आन्तरिक स्रोत

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	Teach for Nepal को सहकार्यमा विद्यालयमा उपलब्ध गराईएका प्रशीक्षितहरुलाई निर्वाह भत्ता (१४ जना १३ महिलाका लागि)		अन्य	२२१११	शिक्षा	पटक	१३	११९०	९५२	९५२	३०९४	
२	आधारभूत तह (कक्षा ८) को मूल तथा प्रेडलस वृद्धि परीक्षा तथा अन्य स्तरीकृत परीक्षा संचालन खर्च		अन्य	२२५२२	शिक्षा	पटक	२	०	४००	४००	८००	
३	नगर शिक्षा समिति लगायत अन्य समिति, उपसमितिहरुका लागि बैठक भत्ता, खाना, खाजा खर्च		अन्य	२२५२९	शिक्षा	पटक	२०	१४०	१००	१६०	४००	
४	नगरको शैक्षिक क्यालेण्डर निर्माण, छपाई तथा वितरण		अन्य	२२३१५	शिक्षा	पटक	१	०	०	१५०	१५०	
५	नगरप्रमुख शैक्षिक गुणस्तर सुधार (कार्यक्रमबाहु कक्षा बहु बहुस्तिरत क्षण (MGML) व्यवस्थापन)		अन्य	२२५२२	शिक्षा	पटक	२	०	४७५	४७५	९५०	
६	नगरप्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम (शिक्षण सिकाई अनुभव आदानप्रदान कार्यक्रम कक्षा कोठा अवलोकन, शैक्षिक भ्रमण आदि)		अन्य	२२७११	शिक्षा	पटक	१	०	०	२००	२००	
७	नगरप्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम (निम्न माध्यमिक गणित विषय विज्ञको सेवा खरिद)		अन्य	२२४११	शिक्षा	पटक	१	०	०	३५०	३५०	
८	नगरप्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम (विद्यालयहरुका लागि खेलकुद सामग्री व्यवस्थापन)		अन्य	२२३१९	शिक्षा	पटक	१	०	०	१५०	१५०	
९	नगरप्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम (विद्यालयहरुका लागि शैक्षिक सामाग्री, डेस्क, बेन्च आदि सहयोग)		अन्य	३११२३	शिक्षा	पटक	१	०	१९१	०	१९१	
१०	नगरप्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम (विद्यालयहरुको मागमा आधारित तालिम तथा अन्य कार्यक्रम)		अन्य	२२७११	शिक्षा	पटक	५	१५०	३००	३००	७५०	
११	नगरप्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम ४ वटा छनिएका विद्यालयहरुमा कक्षा ६ देखि ८ सम्मका विद्यार्थीका लागि विधा खाजा व्यवस्थापन		अन्य	२५३११	शिक्षा	पटक	२	०	५००	५००	१०००	
१२	नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन खर्च		अन्य	२२५२२	शिक्षा	पटक	१	०	०	५००	५००	
१३	पाठ्यक्रम कार्यान्वयन सम्बन्धी क्षमता विकास तालिम		अन्य	२२५१२	शिक्षा	पटक	२	०	६०	६०	१२०	
१४	बाल विकास केन्द्र व्यवस्थापन खर्च		अन्य	२२३११	शिक्षा	पटक	५	५०	१००	१००	२५०	
१५	बाल विकास संस्कर्ताका पारिश्रमिक (२५ जना १३ महिलाका लागि)		अन्य	२११११	शिक्षा	पटक	३	६५०	६५०	६५०	१९५०	
१६	बाल विकास संस्कर्ताका लागि पोशाक र प्रोत्साहन भत्ता		अन्य	२११२१	शिक्षा	पटक	१	०	०	५००	५००	
१७	बालविकास संस्कर्ताका लागि तालिम		अन्य	२२५११	शिक्षा	पटक	१	०	०	५००	५००	
१८	रिडस माध्यमिक विद्यालयहरुका लागि व्यवस्थापन तथा संचार खर्च		अन्य	२२५२२	शिक्षा	पटक	१	०	०	३२५	३२५	
१९	विद्यार्थी प्रतियोगिता (हाजिरी जवाफ प्रतियोगिता, निवन्ध लेखन, वक्तृत्वकला प्रतियोगिता, नृत्य प्रतियोगिता लगायत)		अन्य	२२७११	शिक्षा	पटक	३	७५	७५	७५	२२५	
२०	विद्यालय मर्मत संभार कोष(नगर शिक्षा कोष)		अन्य	२५३११	शिक्षा	पटक	१	०	०	५००	५००	
२१	विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रम		अन्य	२२५१२	शिक्षा	पटक	१३	४५	७५	७५	१९५	
२२	विद्यालयहरुको संघुक्त अनुगमन, अनुगमनका लागि सवारी साधन भाडा, इन्धन लगायत		अन्य	२२७११	शिक्षा	पटक	२	०	१५०	१५०	३००	
२३	विविध खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापनका लागि अनुदान		अन्य	२२५२९	शिक्षा	पटक	२	०	५००	५००	१०००	
२४	ज्याला संचालन खर्च (शिक्षक छनौट खर्च लगायत अन्य आवश्यक खर्च)		अन्य	२२५२९	शिक्षा	पटक	४	१२०	१२०	२४०	४८०	
२५	शिक्षक प्रतियोगिता (हाजिरी जवाफ प्रतियोगिता, निवन्ध लेखन आदि)		अन्य	२२५२२	शिक्षा	पटक	१	०	५०	०	५०	
२६	शिक्षण सिकाई अनुसन्धन		अन्य	२२५२२	शिक्षा	पटक	२	०	६००	६००	१२००	
२७	स्काउट सम्बन्धी क्षमता विकास तालिम तथा परिचालन		अन्य	२२५१२	शिक्षा	पटक	१	०	०	१५०	१५०	
२८	स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण		अन्य	२२५२२	शिक्षा	पटक	२	०	३१०	३१०	६२०	
२९	सामुदायिक विद्यालयमा आमा सन्तलिङ्ग पढाउने शिक्षक तथा निर्वाचित जनप्रतिनिधिहरुको सम्मान तथा प्रोत्साहन, सिकाई उपलब्धीका आधारमा नगरका उत्कृष्ट विद्यार्थी, शिक्षक, विद्यालयलाई नगद पुरस्कार तथा सम्मान, सेवा निवृत शिक्षकहरुको सम्मान तथा कार्यक्रम व्यवस्थापन खर्च		अन्य	२२५२२	शिक्षा	पटक	२	०	३००	३००	६००	
							कुल जम्मा	२४१०	५९०८	९१७२	१७५००	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिका , स्वास्थ्य (०८३२७५०२३०२) उप क्षेत्र : स्वास्थ्य बजेटको भोल/लट : आलमिक श्रोत

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	वितियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	२४ घन्टे सेवा संचालन गरे वापत भत्ता ई हाजिरी को रिपोर्टको आधारमा भत्ता		अन्य	२१११३९	स्वास्थ्य	पटक	१०	३९७५	३९७५	३९७५	११३२५	
२	LMIS SOFTWERE जडान (नगरपालिकामा)		अन्य	२२४१२	स्वास्थ्य	पटक	१	०	०	०	३००	
३	ON SITE तालिम CBIMNCI,NEUTRATION ,IIMIS,LMIS,तथा आमा सुरक्षा		अन्य	२२५१२	स्वास्थ्य	पटक	२	०	१२०	१२०	२४०	
४	RUSG सेवा विस्तार USG GEL खरिद		अन्य	२२५२९	स्वास्थ्य	पटक	१०	१५०	२००	१५०	५००	
५	अत्यावश्यक आयुर्वेद औषधी खरिद		अन्य	२७२१३	स्वास्थ्य	पटक	१	०	०	७७०	७७०	
६	अर्थक्वालिस,कार्डिक मनिसेा		अन्य	२२७१९	स्वास्थ्य	पटक	१०	६०	६०	८०	२००	
७	एकीकृत सेवा केन्द्र तलब भत्ता		अन्य	२११११	स्वास्थ्य	पटक	१०	८००	६००	६००	२०००	
८	औषधि तथा उपकरण खरिद		अन्य	२७२१३	स्वास्थ्य	पटक	२	०	३७७१.६	३७७१.६	७५४३.२	
९	कार्यालय संचालन खर्च (बिजुली इन्टरनेट,संचार,मर्मत,स्टेसनरी,संक्रमण रोकथाम)		अन्य	२२३१९	स्वास्थ्य	पटक	१०	५७५	५७५	५७८	१९२०	
१०	कार्यालयका लागि कम्प्युटर तथा प्रिन्टर खरिद		अन्य	३११२३	स्वास्थ्य	पटक	१	०	१००	०	१००	
११	खोप ढुवानी		अन्य	२८१४३	स्वास्थ्य	पटक	१०	३०	३०	४०	१००	
१२	गत आ.व.०७५/७६ को आमा सुरक्षा कार्यक्रम को सोध भर्ना		अन्य	२५१११	स्वास्थ्य	पटक	१	०	०	१४१	१४१	
१३	गर्भपतन सेवा अनुदान		अन्य	२५२११	स्वास्थ्य	पटक	२	०	१००	१००	२००	
१४	गाउघर सिलविक तथा खोप सेवा संचालन यातायात खर्च		अन्य	२२६१९	स्वास्थ्य	पटक	१०	१०५.३	१४०.४	१०५.३	३५१	
१५	घरभाडा		अन्य	२८१४२	स्वास्थ्य	पटक	१२	०	०	१८०	१८०	
१६	जेष्ठ नागरिकका लागि स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम		अन्य	२२७१९	स्वास्थ्य	पटक	१	०	०	१००	१००	
१७	जोखिम भत्ता		अन्य	२११३९	स्वास्थ्य	पटक	१०	३५.५६	३५.५६	४६.०८	१४५.२	
१८	निशुल्क आयुर्वेद स्वास्थ्य शिविर कार्यक्रम		अन्य	२२५२२	स्वास्थ्य	पटक	२	०	१५०	१५०	३००	
१९	पत्रकर्मी/पुर्वकर्मी सेमिनार, स्वेदन र शिरोधारा कार्यक्रम		अन्य	२२५३९	स्वास्थ्य	पटक	२	०	७५	७५	१५०	
२०	प्रसुती पुर्व समूह गठन		अन्य	२२५२९	स्वास्थ्य	पटक	१	०	०	१९५	१९५	
२१	प्रा.स्वा.के. लार्इ सेवा विस्तार		अन्य	२५२१२	स्वास्थ्य	पटक	१०	०	३३९.३	३०५३.७	३३९३	
२२	प्राथमिक उपचारका औषधि खरिद		अन्य	२७२१३	स्वास्थ्य	पटक	१	०	०	५०	५०	
२३	पाठेघर खस्ने रोग तथा जाच शिविर		अन्य	२२५२९	स्वास्थ्य	पटक	१	०	०	३००	३००	
२४	पोस्टमार्टम		अन्य	२११३९	स्वास्थ्य	पटक	२	०	२५	२५	५०	
२५	विशेष चाड मा कमा गरे वापत भर्ना		अन्य	२११३९	स्वास्थ्य	पटक	१	०	३२	०	३२	
२६	म.स्वा.स्वय सेविका मासिक बैठक		अन्य	२११३९	स्वास्थ्य	पटक	१	०	०	१९८	१९८	
२७	म.स्वा.स्वय सेविका ले आफ्नो वडा को ANC जाच, Delivary संस्थामा र PNC लार्इ स्वास्थ्य संस्था मा पठाएका प्रति केश ५०० देने		अन्य	२२५२९	स्वास्थ्य	पटक	१०	१४८.५	१४८.५	१४८.५	४९५	
२८	मेडिकलजीजार खरिद		अन्य	२७२१३	स्वास्थ्य	पटक	१	०	०	५०	५०	
२९	मासिक बैठक		अन्य	२११३९	स्वास्थ्य	पटक	१०	९०	९०	१२०	३००	
३०	योग शिक्षा तथा योग अभ्यास कार्यक्रम		अन्य	२२५२२	स्वास्थ्य	पटक	१	०	०	१५०	१५०	
३१	रेबिज खोप ढुवानी		अन्य	२८१४९	स्वास्थ्य	पटक	१०	१८	१८	२४	६०	
३२	शिविरमा लिंग प्रसर्ती खरिद		अन्य	२७२१३	स्वास्थ्य	पटक	२	०	२५	२५	५०	
३३	सुत्केरी एम्बुलेन्स सेवा		अन्य	२२७११	स्वास्थ्य	पटक	१०	२०७	२७६	२०७	६९०	
३४	सुत्केरी पोषण भत्ता		महिला	२११३९	स्वास्थ्य	पटक	१०	३६०	४८०	३६०	१२००	
३५	स्तनपायी आमाहरु मातृ शिशु सुरक्षार्थ लक्षबर्धक जडिबुटीजन्य औषधि वितरण सम्बन्धी कार्यक्रम		अन्य	२७२१३	स्वास्थ्य	पटक	१	१००	०	०	१००	
३६	सेवा प्रभाव खर्च तथा दैनिक भ्रमण भत्ता		अन्य	२२६१२	स्वास्थ्य	पटक	१०	३०	४०	३०	१००	
३७	स्वस्थ जीवन कार्यक्रम		अन्य	२२५२९	स्वास्थ्य	पटक	१	०	५०	०	५०	
३८	स्वास्थ्य आमा समूह बैठक, PNC भेट र जेस्ट नागरिक जाच र अपाग स्वास्थ्यकर्मी को उपस्थितिमा		अन्य	२११३९	स्वास्थ्य	पटक	१०	२४९.४८	२४९.४८	३३२.६४	८३१.६	
३९	सस्थागत अनुदान		अन्य	२५३१५	स्वास्थ्य	पटक	१०	५१	५१	६८	१७०	
							कुल जम्मा	३४०७.३४	८४७९.३४	१३४१३.३२	२५,०००	

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : मेलम्ची नगरपालिका - कृषि/पशु (८०३२७४०२३०३) उप क्षेत्र : कृषि बजेटको खेत/तह : आन्तरिक श्रोत

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	कार्यान्वयन हुने स्थान	लक्षित समूह	खर्च शीर्षक	उप क्षेत्र	इकाई	लक्ष	विनियोजन रु.				कैफियत
								प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	जम्मा	
१	पशु अपाङ्गका लागि औषधी खरिद कार्यक्रम		अन्य	२७२१३	कृषि	पटक	१	०	०	१,०७०	१,०७०	
२	कृत्रिम गर्भाधानका लागि तरल नाइट्रोजन खरिद तथा ढुवानी		अन्य	२७२१३	कृषि	पटक	३	५०	५०	१५०	१५०	
३	कृषि प्रविधि विस्तार तथा क्षमता वृद्धि कार्यक्रम (कृषि प्राविधिक,कृषक, कृषक समूह, कृषि सहकारी संस्थाहरुलाई तालिम तथा गोष्ठि आयोजना गर्ने)		अन्य	२२५२९	कृषि	पटक	२	०	०	५००	५००	
४	कृषि यान्त्रिकरण (१० प्रतिशत अनुदानमा मल्टी क्रप थ्रेसर (धान कोदो गहुँ झार्ने), स्प्रेयर लगायतका अन्य औजार उपकरण वितरण)		अन्य	३११२२	कृषि	पटक	२	०	४००	४००	८००	
५	कृषि विकास कोष		अन्य	२९४२३	कृषि	पटक	१	०	०	५,०००	५,०००	
६	कार्यक्रम भ्रमण तथा अनुगमन		अन्य	२२६११	कृषि	पटक	१०	४५	४५	६०	१५०	
७	कार्यालय संचालन खर्च (स्टेशनरी, छपाई, इन्धन, मर्मत, इन्टरनेट, संचार तथा विविध		अन्य	२२३१९	कृषि	पटक	१०	४५	४५	६०	१५०	
८	खोप कार्यक्रम संचालन		अन्य	२७२१३	कृषि	पटक	१०	१८०	२४०	०	६००	
९	तालिम तथा प्रदर्शन फार्म स्थापना		अन्य	२२५१२	कृषि	पटक	२	३२५	३२५	०	६५०	
१०	दैनिक भ्रमण खर्च तथा कार्यक्रम अनुगमन		अन्य	२२६१२	कृषि	पटक	१०	३०	३०	४०	१००	
११	नर्सरी स्थापना (बिया, फलफुल, तरकारी आदि)		अन्य	३११३१	कृषि	पटक	२	०	५००	५००	१,०००	
१२	नायव पशु स्वास्थ्य सेवा प्राविधिक तलब भत्ता, महंगी भत्ता, पोषक खर्च (३ जना)		अन्य	२११११	कृषि	पटक	१०	४५६	३४२	३४२	१,१४०	
१३	प्रयोगशाला संचालन तथा व्यवस्थापन		अन्य	२२५२९	कृषि	पटक	१	०	०	५०	५०	
१४	पशु आहारा संवा तथा घाँस उत्पादन कार्यक्रम (पशु आहारा सुलकी खर्च)		अन्य	२२७११	कृषि	पटक	२	०	१००	१००	२००	
१५	पशु आहारा संवा तथा घाँस उत्पादन कार्यक्रम(बर्षे घाँसको बिउ बिरुवा वितरण कार्यक्रम)		अन्य	२२५२९	कृषि	पटक	१	०	०	१००	१००	
१६	पशु बिमा कार्यक्रम संचालन		अन्य	२७१२२	कृषि	पटक	१०	४११	५११	५४८	१,३७०	
१७	पशु सेवा प्रसार (लोयर बेल्का सहयोग कार्यक्रम)		अन्य	२५२२१	कृषि	पटक	९	३००	३००	३००	९००	
१८	पशु सेवा प्रसार(बाहुको पाठापाठी वितरण कार्यक्रम ढुवानी सहित)		अन्य	२५१२१	कृषि	पटक	२	०	८५	८५	१७०	
१९	पाडापाडी हुर्काउने कार्यक्रम		अन्य	२२७११	कृषि	पटक	१०	३००	३००	४००	१,०००	
२०	बाली विकास कार्यक्रम (खाद्यान्न बालिहरुमा आत्मनिर्भर कार्यक्रम)७५ प्रतिशत अनुदानमा मूल बिउ तथा प्याकेजिङ, लेबलिङ, प्रशोधन र उन्नत बिउमा(बर्षे तथा बेरी धान, मकै, गहुँ कोदो) ५० प्रतिशत अनुदानमा वितरण गर्ने		अन्य	२२५२२	कृषि	पटक	४	३७५	३७५	७५०	१,५००	
२१	बाली विविधिकरण कार्यक्रम (मौरी ,च्याउ, उत्थान फलफूलमा ७५ प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन गर्ने)		अन्य	२२७११	कृषि	पटक	२	०	५००	५००	१,०००	
२२	बाली संरक्षण कार्यक्रम (फौजी, सरलह इत्यादि)		अन्य	२२७११	कृषि	पटक	२	०	५००	५००	१,०००	
२३	माग्सा आधारित कार्यक्रम (७५ प्रतिशत अनुदानमा तरकारी फलफूल खद्यान्न उत्पादनको लागी आवश्यक सामग्री अनुदानमा वितरण		अन्य	२५३१३	कृषि	पटक	३	१,०००	१,०००	१,०००	३,०००	
२४	माटो परिक्षण ल्याब संचालन तथा व्यवस्थापन		अन्य	२२३१९	कृषि	पटक	१	०	०	१००	१००	
२५	माटो सुधार कार्यक्रम (शिविर संचालन, ७५ प्रतिशत अनुदानमा शुक्ष्म खाद्य तत्व तथा कृषि चुन वितरण)		अन्य	२२५१२	कृषि	पटक	२	०	१५०	१५०	३००	
